# वर्गदृष्टि

Bargadristi Weekly साप्ताहिक


## किरणले बालकृष्णलाई जेलमा भेटे

काठमाडौं । जनयुद्धकालीन मुद्दामा डिल्लीबजारस्थित सदरखोर जेलमा सजाय काटिरहेका बालकृष्ण ढुंगेलले नेकपा (क्रान्तिकारी माओवादी)का महासचिव मोहन वैद्य'किरण'सँग डेढघण्टा लामो कुराकानी गरेका छन् । ढुंगेललाई भेट्न डिल्लीबजार पुगेका महासचिव किरणसँग उनले लामो कुराकानी गर्दै जनयुद्धकै तत्कालीन कमाण्डर प्रचण्ड सरकारमा हुँदा जनयुद्धको सिपाही आफू जेल पर्नु परेको भन्दै यो कस्तो न्याय हो ? भनेर प्रश्न गरे । जनयुद्धकालीन राजनीतिक मुद्दालाई विशुद्ध व्यक्तिगत र प्राविधिक बनाएर मलाई षड्यन्त्रपूर्वक फसाइएको भन्दै बालकृष्ण ढुंगेलले महासचिव किरणलाई जेलमुक्त गर्न पार्टीको तर्फबाट भूमिका खेलिदिन आग्रह गरेको महासचिव किरणसँगै ढुंगेललाई भेट्न पुगभुएका क्रान्तिकारी माओवादीका नेता दिनेश शर्मा 'सागर'ले बताउनु भयो ।

ढुंगेलले महासचिव किरणलाई भने, 'ममाथिको ...बाँकी ७ पेजमा


वर्ष २ अङ्क ३२ पूर्णाङ्क ८१ | २०७४ माघ २९ गते सोमबार | Monday, 12 February 2018 | पृष्ठ ८ | मूल्य रु. १०।-


# क्रान्तिकारीहरुलाई गोलबन्द गर्न पहल लिंदै क्रान्तिकारी माओवादी

## क्रान्तिकारी माओवादी र नेकपा (ऋषि कट्टेल) बीच सहकार्य गर्ने सहमति

● वर्गदृष्टि संवाददाता

काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी) र नेकपा (ऋषि कट्टेल) बीच कार्यगत एकताको सहमति भएको छ । यी पार्टीहरुबीच राष्ट्रियता र जनजीविकाका विषयमा कार्यगत एकताको सहमति भएको क्रान्तिकारी माओवादीका स्थायी समिति सदस्य रामसिंह श्रीसले जानकारी दिनुभयो ।

मंगलबार क्रान्तिकारी माओवादीको केन्द्रीय कार्यालय बुद्धनगरमा क्रान्तिकारी माओवादीका तर्फबाट महासचिव मोहन वैद्य'किरण' र स्थायी समिति सदस्य रामसिंह श्रीस र, नेकपाका अध्यक्ष ऋषि कट्टेल, स्थायी समिति सदस्य लोकनारायण सुवेदी र रामबहादुर भण्डारीबीच भएको अनौपचारिक छलफलमा राष्ट्रियता र जनजीविकाको विषयमा कार्यगत एकता गरेर जाने विषयमा सहमति भएको छ । छलफलमा कार्यगत एकताकै बीचबाट पार्टी एकताको आधार निर्माण गर्दै जाने विषयमा पनि सहमति भएको नेता श्रीसले बताउनु भयो । उक्त अनौपचारिक बसाइमा दुवै पार्टीबीच आ-आफ्नो पार्टीको दस्तावेज आदान प्रदान भएको छ ।

## क्रान्तिकारी माओवादी र नेकपा (विप्लव)ले जनयुद्ध दिवस र शहीद सप्ताह संयुक्त रुपमा मनाउने

● वर्गदृष्टि संवाददाता

मोहन वैद्य'किरण' नेतृत्वको नेकपा (क्रान्तिकारी माओवादी) र नेत्रविक्रम चन्द'विप्लव' नेतृत्वको नेपाल कम्युनिष्ट पार्टीबीच राष्ट्रियता, जनतन्त्र र जनजीविकाका विषयमा संयुक्त संघर्ष अगाडि बढाउने विषयमा सहमति भएको छ । २५ माघ ०७४ अर्थात् बुधबार जारी संयुक्त प्रेस वक्तव्यमा दुवै पार्टीका शीर्ष नेताहरुका बीचमा भएको उच्चस्तरीय बैठकले यस्तो सहमति गरेको जनाइएको छ । वक्तव्यमा उक्त बैठकले पार्टी एकता, कार्यगत एकता र संयुक्त रुपमा संघर्ष अगाडि बढाउने निर्णयका साथै ...बाँकी ८ पेजमा



## क्रान्तिकारी माओवादी र मसाल बीच २ बुँदे सहमति

● वर्गदृष्टि संवाददाता

काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी) र नेकपा मसाल बीच २ बुँदे सहमति भएको छ ।

आइतवार क्रान्तिकारी माओवादीको पार्टी कार्यालय बुद्धनगरमा भएको एक उच्चस्तरीय छलफलमा यस्तो सहमति भएको हो ।

द्विपक्षीय वार्तामा राष्ट्रियता, जनतन्त्र र जनजीविका मुद्दाहरुमा सहकार्य गर्ने र पार्टी एकताका मुद्दाहरुमा सहकार्य गर्ने र पार्टी एकताका लागि अधार निर्माण गर्दै जाने सहमति भएको छ ।

● वर्गदृष्टि संवाददाता

काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी)को नेतृत्वले छरिएर रहेका विभिन्न क्रान्तिकारी समूह तथा व्यक्तिलाई एकै ठाउँमा गोलबन्द गर्न पहल गरिरहेको छ ।

नयाँ जनवादी क्रान्तिका पक्षधर समूह तथा व्यक्तिसँग पछिल्लो समय क्रान्तिकारी माओवादीले बाक्लै छलफल गरिरहेको छ ।

क्रान्तिकारी माओवादीका स्थायी समिति सदस्य रामसिंह श्रीसले दिएको जानकारी अनुसार आइतबार नेकपा (मसाल)का नेताहरु सँग पार्टी कार्यालय बुद्धनगरमा वार्ता भएको छ ।

यो वार्ताले पार्टी एकताको आधार तयार पार्दै राष्ट्रियता, जनतन्त्र र जनजीविकाका मुद्दाहरुमा सहकार्य गर्ने सहमति गरेको छ ।

त्यसैगरी नेत्रविक्रम चन्द 'विप्लव' नेतृत्वको नेकपासँग २५ माघ बिहीबार पार्टी एकता, संयुक्त मोर्चा, संयुक्त संघर्ष लगायतका विषयमा तीन बुँदे निर्णय गर्दै वक्तव्य जारी भईसकेको छ ।

उता नेकपा (ऋषि कट्टेल) समूहसँग पनि क्रान्तिकारी माओवादीले गत मंगलबार पार्टी कार्यालय बुद्धनगरमा वार्ता गरी पार्टी एकताको आधार निर्माण गर्दै तत्काल सहकार्यलाई अगाडि बढाउने सहमति गरेको छ ।

क्रान्तिकारी माओवादीको नेतृत्वले अन्य देशभक्त तथा क्रान्तिकारी व्यक्तित्वहरुसँग पनि निरन्तर छलफल चलाइरहेको छ ।

क्रान्तिकारी माओवादीले नेपालमा नयाँ जनवादी क्रान्तिको कार्यभार पुरा गरी वैज्ञानिक समाजवादको दिशामा अगाडि बढ्ने उद्घोष सहित नयाँ जनवादी क्रान्तिको तयारी गरि रहेको छ ।

त्यसै क्रममा उसले छरिएर रहेका क्रान्तिकारीहरुलाई गोलबन्द गर्न भेटघाट र छलफललाई तीव्रता दिइरहेको छ ।

## देशै भरी जनयुद्ध दिवस भव्य रुपमा मनाइने

● वर्गदृष्टि संवाददाता

काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी)ले देशैभर जनयुद्ध दिवस भव्य रुपमा मनाउने भएको छ । काठमाडौंमा माओवादी र नेकपा बीच संयुक्त रुपमा राष्ट्रिय सभागृहमा बृहत कार्यक्रमका साथ जनयुद्ध दिवस मनाउने भएको छ ।

त्यस्तै १ नं. प्रदेशका जिल्लाहरुमा दिपावली सहित अन्तरक्रिया साथै विभिन्न कार्यक्रमका साथ जनयुद्ध दिवस मनाउने समाचार प्राप्त भएको छ ।

उता २ नं. प्रदेशका जिल्लाहरुमा पनि जनयुद्ध दिवस भव्य रुपमा मनाउने समाचार प्राप्त भएको छ भने ३ नं. प्रदेशको काठमाडौं, ललितपुर र भक्तपुर राष्ट्रिय सभागृह भवनमा उपस्थित हुने अरु जिल्लाहरुले आ-आफ्नो जिल्लामा मनाउने समाचार प्राप्त भएको छ ।

त्यस्तै ४ नं. प्रदेशले भने चियापान कार्यक्रम सहित पोखरामा भव्य रुपमा मनाउने समाचार छ भने अन्य जिल्लाहरुमा पनि विभिन्न कार्यक्रमका साथ मनाउने तयारी रहेको समाचार प्राप्त भएको छ ।

...बाँकी ८ पेजमा

## 'सिंहदरबारको अधिकार थाहा छैन, भ्रष्टाचार चाहिं पक्कै पुगेको छ गाउँ गाउँमा'

**'राष्ट्रवाद, स्थायित्व र समृद्धिका उनीहरुका नारा नक्कली सावित भइसके'**

काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी) समर्थित देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालका अध्यक्ष सीपी गजुरेलले स्थानीय, प्रदेश र प्रतिनिधि सभाको निर्वाचन पछि सिंहदरबारमा हुने भ्रष्टाचार संस्थागत रुपमा गाउँ गाउँमा पुगेको दावी गर्नुभएको छ । मोर्चाले शुक्रबार काठमाडौंमा गरेको 'नेपालको वर्तमान राजनीतिक स्थिति र अग्रगामी निकासको प्रश्न' विषयमा आयोजना गरेको अन्तर्क्रिया कार्यक्रमलाई सम्बोधन गर्दै अध्यक्ष गजुरेलले भन्नुभयो, 'तीने



तहको निर्वाचन सम्पन्न भएपछिका गतिविधिहरुलाई हेर्ने हो भने अहिले राष्ट्रियता, जनतन्त्र र जनजीविकाका समस्याहरु अझ ...बाँकी ८ पेजमा

## क्रान्तिकारी माओवादीको देशैभरि संगठन निर्माण तीव्र

काठमाण्डौं । नेकपा (क्रान्तिकारी माओवादी) संगठन, संगठन र फेरी संगठनको नारा सहित ३ महिने अभियान देशैभरि तीव्रगतिमा अगाडि बढीरहेको छ । यसै अभियानसँगसँगै माओवादीको संगठन, मोर्चा, जवसहरुको निर्माण, सुदृढ हुने क्रम पनि तीव्रगतिमा रहेको छ ।

ललितपुर यातायात मजदुरको जिल्ला कमिटि गठन

३ महिने अभियानको क्रममा ललितपुर जिल्लामा ललितपुर यातायात मजदुर जिल्ला कमिटि गठन गरिएको छ । संयोजक सुरेन्द्र राई नेतृत्वमा ५ सदस्य नवराज घिसिङ, सुजन मगर, मनोज तामाङ, सिहंलाल तामाङ सहितको जिल्ला कमिटि गरिएको थियो । कार्यक्रममा माओवादी पार्टी ललितपुर जिल्ला सचिव श्याम केसीको उपस्थिति रहेको थियो ।

उता सप्तरीमा गएको माघ २७ गते सुलुङ्गा नगरपालिका बडा ८ मा देजमोको वडा समिति गठन भएको छ । जसमा १ पछि पुर्ति हुने गरि ८ सदस्यीय समिति गठन गरियो । संयोजक रेवती प्रसाद चौधरीको संयोजकत्वमा सर्मिला चौधरी, पल्टीदेवी चौधरी, सिताराम चौधरी, नेबीलाल चौधरी, ...बाँकी ८ पेजमा

## 'क्रान्तिकारी पत्रकारहरुले क्रान्तिका निम्ति कलम चलाउनुपर्छ'

● वर्गदृष्टि संवाददाता

काठमाडौं । क्रान्तिकारी पत्रकार महासंघ ३ नं. प्रदेशले आयोजना गरेको दुईदिने आधारभूत पत्रकारिता तालिम शुक्रबार सम्पन्न गरेको छ । तालिमको समापन सत्रलाई सम्बोधन गर्दै नेकपा (क्रान्तिकारी माओवादी)का स्थायी समिति सदस्य तथा पार्टी ३ नं. प्रदेश इन्चार्ज रामसिंह श्रीसले क्रान्तिकारी पत्रकारहरुले क्रान्तिका निम्ति कलम चलाउनु पर्ने विचार व्यक्त गर्नुभएको छ ।

पार्टी कार्यालय बुद्धनगरमा आयोजित उक्त कार्यक्रममा उहाँले क्रान्तिकारी पत्रकार महासंघमा आबद्ध पत्रकारहरुले नाम अनुसारकै काम गर्नुपर्ने आवश्यकता औल्याउँदै समाजका उपेक्षित, उत्पीडित, शोषित वर्ग, मजदुर किसान तथा सर्वहारा वर्गका अधिकारको पक्षमा कमल चलाउन प्रशिक्षार्थी पत्रकारहरुलाई आग्रह गर्नुभयो ।

कार्यक्रममा क्रान्तिकारी पत्रकार महासंघका अध्यक्ष इन्द्र राउतले वर्गीय समाजमा सबै विषयजस्तै पत्रकारिता पनि वर्गीय हुने भन्दै क्रान्तिकारी पत्रकार हरुमा वर्गप्रेम, वर्गपक्षधरता, वर्गदृष्टिकोण र वर्गप्रतिको निष्ठाको खाँचो अझ बढेर गएको कुरा बताउनु भयो ।

मिडियालाई वर्गसत्ताले हतियारको रुपमा प्रयोग गर्दै आएको चर्चा गर्दै अध्यक्ष राउतले मूलधारका भनिने ठूला लगानीका मिडियाहरु दलाल तथा नोकरशाही पुँजीवादमा आधारित संसदीय व्यवस्थाको हतियार बनेर आमूल परिवर्तनका पक्षधर क्रान्तिकारी शक्तिहरुका विरुद्ध प्रयोग भइरहेको दावी ...बाँकी ७ पेजमा

## अन्तर्राष्ट्रिय तथा नेपाली कम्युनिष्ट आन्दोलनको संक्षिप्त सिंहावलोकन

### क्रान्तिकारी माओवादीको राष्ट्रिय सम्मेलनबाट पारित दस्तावेजको अंश

● दस्तावेज ●

अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलन भनेको विश्व पुँजीवाद र सबैखाले प्रतिक्रियावादका विरुद्ध विश्व सर्वहारा वर्ग र उत्पीडित जनसमुदायको युगान्तकारी संगठित ऐतिहासिक अभियान हो । अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनको संस्थापक नेता कार्लमार्क्स र फ्रेडरिक एङ्गेल्स हुनुहुन्छ । अन्तर्ष्ट्रिय कम्युनिष्ट आन्दोलनको पहिलो सैद्धान्तिक आधार १८४७ मा बनेको कम्युनिष्ट घोषणापत्र हो । कम्युनिष्ट आन्दोलनको विचारधारा र पथप्रदर्शक सिद्धान्त मार्क्सको नाममा विकसित मार्क्सवाद हो । मार्क्सवादका तीन संघटक अंग छन्, ती हुन्: दर्शन, राजनीतिक अर्थशास्त्र र वैज्ञानिक समाजवाद । कम्युनिष्टहरुको दर्शन द्वन्द्वात्मकतथाऐतिहासिकभौतिकवादहो। ऐतिहासिक भौतिकवादको जग र अतिरिक्त मूल्यको सिद्धान्तका मुख्यतः बदलनु हो । मार्क्सवादको पथप्रदर्शनमा अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनको निर्माण तथा विकास भएको छ । अहिले विश्व सर्वहारावर्गको पथप्रदर्शक सिद्धान्त मार्क्सवाद-लेनिनवाद-माओवादका रुपमा विकसित भएको छ । नेपाली कम्युनिष्ट आन्दोलन अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनको अभिन्न अंग हो ।

वस्तुतः अन्तर्राष्ट्रिय र नेपाली कम्युनिष्ट आन्दोलनको इतिहास अत्यन्तै मनोयोगपूर्ण ढङ्गले अध्ययन गर्नुपर्ने विषय हो । समग्र रुपमा त्यो यहाँ संभव छैन । यहाँ हाम्रो आधारमा कम्युनिष्ट आन्दोलनको इतिहासबारे पार्टीलाई विचारधारात्मक रुपमा एकताबद्ध तुल्याउनु हो ।

**अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलन :**

१. अन्तराष्ट्रिय कम्युनिष्ट अन्दोलनको इतिहास कम्युनिष्ट लिग (१८३६-१८५२) को इतिहाससित जोडिएको छ । यही नै एङ्गेल्सको शब्दमा "विश्व इतिहासको पहिलो अन्तर्राष्ट्रिय मजदुर अन्दोलन" थियो । यसै लिगको २०४७ मा भएको निर्णय अनुसार मार्क्स-एङ्गेल्सद्वारा लिखित कम्युनिष्ट घोषणा-पत्र पारित भई १८४८ मा प्रकाशित गरिएको थियो । यही घोषणापत्र नै अन्तराष्ट्रिय कम्युनिष्ट आन्दोलनको पहिलो सैद्धान्तिक आधार थियो ।

२. सन् १८६४ मा कार्ल मार्क्सको नेतृत्वमा प्रथम अन्तर्राष्ट्रियको गठन भयो । त्यसमा अराजकतावाद र अवसरवादका विरुद्ध कडा सैद्धान्तिक संघर्ष चलाइनु पऱ्यो । १८७२ सम्म प्रथम अन्तर्राष्ट्रिय संचालित रह्यो । १८८९ मा एङ्गेल्सको नेतृत्वमा दोस्रो अन्तर्राष्ट्रियको गठन गरियो । सुरुमा यसले राम्रै भूमिका खेले पनि एङ्गेल्सको निधन पश्चात् यसमा दक्षिणपंथी संसोधनवादको प्रभुत्व कायम भयो । लेनिनले दक्षिण, मध्य तथा 'वाम'पन्थी संशोधनवादका विरुद्ध कडा सैद्धान्तिक संघर्ष चलाउनुभयो र लेनिनकै नेतृत्वमा सन् १९१९ मा तेस्रो अन्तर्राष्ट्रियको गठन भयो । यी तीन ओटै अन्तर्राष्ट्रियको संश्लेषण गर्दै लेनिनले भनुभएको ...बाँकी ३ पेजमा

## सम्पादकीय

# २३ औं जनयुद्ध दिवस

यस पटकको जनयुद्ध दिवस मोहन वैद्य 'किरण' नेतृत्वको नेकपा (क्रान्तिकारी माओवादी) र नेत्रविक्रम चन्द 'विप्लव' नेतृत्वको नेपाल कम्युनिस्ट पार्टीले संयुक्त रुपमा देशैभर मनाउने सहमति गरेका छन् । जनयुद्धको २३ औं दिवस मनाउँदै गर्दा यी दुई पार्टीले नेपालमा नयाँ जनवादी क्रान्तिको कार्यभार पूरा गरी वैज्ञानिक समाजवादी क्रान्तिको दिशामा अगाडि बढ्ने उद्घोष पनि गर्ने तयारी गरेको देखिन्छ ।

रणनीतिक प्रत्याक्रमणको दोस्रो चरणसम्म पुगेको तत्कालीन जनयुद्ध नेतृत्व(प्रचण्ड-बाबुराम)ले गरेको धोका र गद्दारीको कारण असफल हुन पुग्यो । फलतः सात डिभिजनको जनमुक्ति सेना, क्रान्तिकारी आधार इलाका, क्रान्तिकारी जनसत्ता लगायतका जनयुद्धका महान् उपलब्धिहरु विघटित र विसर्जित हुन पुगे र तत्कालीन माओवादी आन्दोलन पनि टुटफुट र विभाजित हुन पुग्यो । जनयुद्धको ठूलो हिस्सा दक्षिणपन्थी अवसरवाद तथा नवसंशोधनवाद हुँदै प्रतिक्रियावादमा पतन हुन पुग्यो । पुष्पकमल दाहाल 'प्रचण्ड'ले नेतृत्व गरेको यो हिस्सा माओवादी केन्द्रको नाममा संसदवादको मतियार हुन पुगेको छ । त्यसले जनयुद्धले अगाडि सारेका सबै उद्देश्य र एजेण्डाहरु परित्याग गर्दै मार्क्सवाद, लेनिनवाद र माओवादका पथप्रदर्शक सिद्धान्तहरुबाट सम्बन्ध विच्छेद गर्दै प्रतिक्रियावादी कित्तामा पुगेको छ । वर्गीय र राष्ट्रिय आत्मसमर्पणवादी यो समूह अहिले क्रान्तिकारी शक्तिहरुको विरुद्ध खुलेर लागेको छ । अहिले कांग्रेस, एमाले र माओवादी केन्द्रबीच वैचारिक राजनीतिक भिन्नता मेटिन् पुगेको छ ।

यसको ठीक उल्टो प्रचण्ड-बाबुरामको वर्गीय तथा राष्ट्रिय आत्मसर्मपणवाद, नवसंशोधनवाद, विसर्जनवाद तथा संसदवादको विरुद्ध विद्रोह गर्दै क्रान्तिको झण्डा बचाउन सफल मोहन वैद्य 'किरण' नेतृत्वको क्रान्तिकारी माओवादीले १० वर्षे महान जनयुद्धका लक्ष्य तथा एजेण्डाहरुलाई अगाडि बढाउँदै मुलुकमा फेरि नयाँ जनवादी क्रान्तिको आवश्यकता र सम्भव दुबै रहेको ठहर गर्दै नयाँ जनवादी क्रान्तिको बाँकी कार्यभार पुरा गर्नका लागि आवश्यक पर्ने क्रान्तिकारी पार्टी, क्रान्तिकारी संयुक्त मोर्चा र क्रान्तिकारी जनमुक्ति सेनाको निर्माणको तयारीमा जुटेको छ । विभिन्न समूहमा छरिएर रहेका क्रान्तिकारीहरुलाई एकीकृत र ध्रुवीकरण गर्ने अभियानको थालनी गरेको छ । यहि क्रममा विप्लव, ऋषिराज कट्टेल र मसाल समूहसँग कार्यगत एकता गर्ने सहमति गरेको छ । सहमति अनुसार फागनु १ को जनयुद्ध दिवस र फागुन १४ देखि २१ सम्मको शहीद सप्ताह संयुक्त रुपमा मनाउने भएका छन् ।

जनयुद्धका २३ औं वर्षगाँठको पूर्वसन्ध्यामा यी दुई पार्टीवीच भएको कार्यगत एकतालाई जनयुद्धका शहीद तथा वेपत्ता परिवार घाइते योद्धाहरु आम क्रान्तिकारी पंक्ति तथा क्रान्तिका पक्षधर जनताले सकारात्मक रुपमा लिएका छन् र यसले नयाँ उत्साह पैदा गरेको छ । दलाल तथा नोकरशाही पुँजीवादमा आधारित संसदीय व्यवस्थाको अन्त्य गरी जनवादी व्यवस्थाको स्थापना गर्ने उद्देश्य राखेर १० वर्षे जनयुद्ध भएको हो । आज २३ औं जनयुद्ध दिवस मनाउँदै गर्दा त्यही उद्देश्य हासिल गर्न तथा राष्ट्रियता, जनतन्त्र र जनजीविकाका समस्याहरु हल गर्न नयाँ जनवादी क्रान्तिको दिशामा अगाडि बढ्ने संकल्प सबै क्रान्तिकारीहरुले गर्न जरुरी छ । यही संकल्प गर्नु नै जनयुद्ध दिवस मनाउनुको सार्थकता हुनेछ ।

परिवर्तनको सम्वाहक
मूलबाटो
सत्यतथ्य निष्पक्ष खबर तथा
विचारका लागि सधैं हेर्ने र पढ्ने गरौं।
www.moolbato.com

# असफल संसदीय व्यवस्थाको जुवाडे चुनाव - एक समीक्षा

*राजनीतिक उद्देश्य प्राप्तिको संघर्षको बाटो जटिलताको प्रकृया पार गरेर अगाडि बढ्न सकिन्छ भन्ने कुरालाई ध्यानमा राखेर बहुत सतर्कका साथ चोक चौतारा हाटबजारमा मञ्च खडा गरेर यो संसदीय व्यवस्था र यसअन्तर्गत भएको चुनावको सक्ने जति भण्डाफोर गरियो ।*

● घननाथ सापकोटा 'विकास' ●

यही २०७४ मंसिर १० र २१ गते सम्पन्न भएको संसदीय चुनावलाई नेकपा (क्रान्तिकारी माओवादी) पार्टीको वैधानिक मोर्चा देशभक्त जनगणतान्त्रिक मोर्चा नेपालको तर्फबाट क्रान्तिकारी उपयोग गर्ने नीति बन्यो । क्रान्तिकारी उपयोगको अर्थ र उद्देश्य भनेको संसारमै असफल सिद्ध भइसकेको प्रतिक्रियावादी संसदीय व्यवस्थाको भण्डाफोर गर्दै जनगणतन्त्र प्राप्तिको बाटोमा अगाडि बढ्नु हो र थियो । चितवन जिल्लाको तीनवटा निर्वाचन क्षेत्रमध्ये क्षेत्र नं १ को उम्मेदवारको लागि मलाई पार्टीले टिकट दियो । उक्त क्षेत्रको चुनावी मोर्चाको जिम्मा म माथि पर्न आयो । यस निर्वाचन क्षेत्रमा राप्ती नगरपालिका, खैरहनी नगरपालिका र रत्ननगर नगरपालिका पर्दछन् । यस निर्वाचन क्षेत्रको प्रदेशसभा क्षेत्र नं.१ मा प्रकाशबाबु खनाल र क्षेत्र नं.२ मा मोदनाथ मरहट्टाको उम्मेदवारी ठोस गरियो । क्रान्तिकारीहरुका लागि संसदीय चुनाव पनि एक प्रकारको संघर्षको मोर्चा नै हो । यसमा उम्मेदवारहरुले जितेर संसदको ऐसआरामको लाभ लिन भन्दा पनि यस व्यवस्थाको भण्डाफोर गरेर यसको ठाउँमा जनताको व्यवस्था स्थापना गर्ने मार्गमा संघर्षलाई अगाडि बढाउनु हो । विजय हासिल गरेको खण्डमा संसदभित्र गएर खसीको टाउको देखाएर कुकुरको मासु बेच्ने संसदको भण्डाफोर गर्नु हो । यो काम अत्यन्त जोखिमपूर्ण हुने निश्चित थियो । यसरी मैले उम्मेद्वारी दिएको चितवन क्षेत्र नं. १ प्रतिनिधिसभामा चुनाव लड्दा प्राप्त भएका अनुभूतिहरु यहाँ उतार्ने जमर्को गरेको छु ।

कार्तिक १६ गते उम्मेदवारी दर्ता गरियो । निर्वाचन अधिकृतले उम्मेद्वादी दर्ता भएको प्रमाणपत्र हातमा थमाउँदै स्वस्थ प्रतिस्पर्धा गर्नुहोला, आचारसंहिताको राम्रो पालना गर्नु होला भने । प्रत्युत्तरमा मैले यो त हामीलाई भन्दा पनि ठूला दलहरुलाई भन्नु पर्दछ आचारसंहिता ठूला दलहरुले उल्लंघन गर्दछन् भन्ने जवाफ दिए । किनकि यसभन्दा अगाडि बैशाख द्दढ गते भएको स्थानीय चुनावमा ठूला राजनीतिक पार्टीले आचारसंहिता उल्लंघनको चर्तिकला देखिएका थियो । प्रचण्डले पद र सत्ताको दुरुपयोग गर्दै मतपत्रसमेत च्यात्ने जस्ता अनैतिक कार्य गरी आफ्नी छोरीलाई भरतपुर महानगरपालिकाको मेयर पदमा आसिन गराएका थिए । मंसिर १० र २१ गतेको प्रतिनिधिसभा र प्रदेशसभाको चुनावमा निर्वाचन आयोगको आचारसंहितालाई धोती लगाएर सकेजति आचारसंहिता उल्लंघन गरे । मंसिर ३ गते माओवादी केन्द्रका अध्यक्ष प्रचण्ड उठेको ३ नं. क्षेत्रअन्तर्गत गीतानगर बजारको मुल सडक कव्जा गरी चुनावीसभा गरिएको थियो । सर्वसाधारण जनतालाई सडकमा हिंड्न पाउने अधिकारलाई समेत कुण्ठित पार्दै सुरक्षाकर्मीले घुमाउरो बाटोतिरबाट यात्रा गर्न बाध्य पारेका थिए । यस घटनालाई मैले निर्वाचन आयोगमा आचारसंहिता उल्लंघनको उजुरी दर्ता गराएँ तर कुनै सुनुवाई भएन । निर्वाचन आयोग ठूला दलको प्रभावमा परेका प्रस्टै देखिन्थ्यो ।

सर्वप्रथम उम्मेद्वादी दर्ता गराएको विषय परिवारमा जानकारी गराएँ, जसमा मेरा दुई छोराहरुले उम्मेदवारी दर्ता गर्नु ठीक नभएको प्रतिक्रिया दिए । जित्ने सम्भावना रहदैन र लज्जाजनक पराजय हुने ठानेर यो सुझाव आएको हुनुपर्दछ । उनीहरुले चुनावमा उठ्नु भनेको विशुद्ध जितेर संसदको सेवा सुविधा लिनु हो, जसरी संसदीय पार्टीका नेताहरुले लिन्छन् भन्ने कुरा बुझेहोलान् । क्रान्तिकारी पार्टीको लागि संसदीय चुनावमा भाग लिनु भनेको संघर्षको मोर्चा हो भन्ने कुरा बुझेनन् र बुझाउन सकिएन । ठूलो छोरा धनराज सापकोटाले वर्तमान समयमा उम्मेदवारी दिनु उचित नहुने सुझाव दिए । सानो छोरा शुभाषले स्थानीय व्यक्तिलाई नै उम्मेदवार खडा गर्दा वस्तुवादी हुने हुँदा अर्को निर्वाचन क्षेत्रबाट तपाई उम्मेदवारी दिनु वैज्ञानिक नहुने तर्कसहित सुझाव दिए । परिवारका अन्य सदस्यहरु भने यो विषयमा मौन बसे केही बोलेनन् । यसपछि म र प्रदेशसभा सदस्य प्रकाशबाबु खनाल र मोदनाथ मरहट्टासहित आफ्नो निर्वाचन क्षेत्रमा नेकपा (क्रान्तिकारी माओवादी) पार्टीका महासचिव क.मोहन वैद्य 'किरण'को विज्ञप्ति, दे.ज.मो.को चुनावी घोषणापत्र, दे.ज.मो. ३ नं. प्रदेशले तयार पारेको पर्चा, जिल्लाले बनाएको व्यानर पर्चा लिएर चुनावको प्रचारमा लागियो । हाम्रो चुनावी कायनीति अलि अन्तर्विरोधीजस्तो थियो । क्रान्तिकारी भण्डाफोर भनिसकेपछि शान्तिपूर्ण रुपमा भोट मात्र माग्दा यो संसदीय व्यवस्थाभित्र रहेको विकृतिको भण्डाफोर सोचे जति हुन नसक्ने र विशुद्ध भण्डाफोर मात्र बुझेर भण्डाफोर गर्दा अलि जनताबाट टाढा भइने सम्भावनालाई मध्यनजर गर्दै यस्तो काँडाघारीबीचको कष्टपूर्ण गोरेटोको यात्रा गरे जस्तै अवस्थाको यो जटिल राजनीतिक कार्यक्रमलाई पार्टीको घोषित उद्देश्यसँग जोड्दै अगाडि बढ्दा अप्ठेरो महसुस हुनु स्वाभाविक नै थियो । तथापि राजनीतिक उद्देश्य प्राप्तिको संघर्षको बाटो जटिलताको प्रकृया पार गरेर अगाडि बढ्न सकिन्छ भन्ने कुरालाई ध्यानमा राखेर बहुत सतर्कका साथ चोक चौतारा हाटबजारमा मञ्च खडा गरेर यो संसदीय व्यवस्था र यसअन्तर्गत भएको चुनावको सक्ने जति भण्डाफोर गरियो । जनताका घरघरमा गएर विनम्रताका साथ हाम्रो पार्टी र हामीलाई भोट दिनको लागि विनम्र अनुरोध गरियो । हामीले अधिकांश ठाउँमा भोट माग्दा हामी वैद्य माओवादी हौं भनेर भोट माग्यौं । हाम्रो पार्टीको नाम नै अलि लामो छ । नेपाल कम्युनिष्ट पार्टी (क्रान्तिकारी माओवादी) । त्यस्तै हाम्रो बैधानिक मोर्चाको पनि देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल । एकातर्फ नाम लामो अर्कोतर्फ भर्खर गठन भएको र चुनाव चिन्ह मुठ्ठी कसेको हात पनि नयाँ भएकोले जनतालाई सम्झन बुझ्न र बुझाउन अलि गाह्रो भयो । यसरी जनतालाई बुझाउन छिटो सजिलो वैद्य माओवादी नै भयो । यसरी हामी जनताको बीचमा भोट माग्न जाँदा नकारात्मक र सकारात्मक निम्न प्रतिक्रियाहरु दिए ।

१. यी मोहन वैद्य किरण कर्तव्यनिष्ठ, विचारमा दृढ कुनै किसिमको पद लोभ लालच नभएका, कुनै गठबन्धनको पनि बैशाखी नटेक्ने र आफ्नै सामर्थ्यमा देश र जनताको पक्षमा राजनीति गर्ने नेता हुनुहुन्छ । उहाँले नेतृत्व गराउदै पार्टी चुनावमा भाग लिएर हाम्रो घरदैलोमा आए हुन्थ्यो भन्ने ठानेका थियौं तपाईहरु आउनुभयो खुसी लाग्यो हामी भोट दिन्छौं भनेर जनताको प्रतिक्रिया आयो ।

२. एकथरिले मोहन वैद्य किरणले नेतृत्व गरेको नेकपा (क्रान्तिकारी माओवादी) चुनावमा भाग लिएर लोकतान्त्रिक बाटोमा आएकोमा खुसी लाग्यो भनेर भने ।

३. एकथरिले आखिर वैद्य नेतृत्वको पार्टी पनि लोकतान्त्रिक बाटोमा त आउनै पर्‍यो नि केही समयपछि यो पनि वाम गठवन्धनमा समावेश हुन्छ । लोकतन्त्रभन्दा कोही पनि बाहिर रहन सक्दैन नि भन्ने प्रतिकृया पनि आयो ।

४. मत कति आउँछ हारिन्छ/जितिन्छ भन्दा पनि तपाईका पार्टीका विचार र तपाईहरुसँग भेट भयो । यही ठूलो कुरा हो भन्ने खालका प्रतिक्रिया पनि सुन्न पाइयो ।

५. एकथरि शुभचिन्तकहरुले तपाईहरुले क्रान्तिकारी कम्युनिष्टको विउ जोगाउनु भएको छ । खडेरी र अनिकाल लागेको बेलामा बिउ जोगाउनु पनि ठूलो उपलब्धि हुनेछ । यत्रो प्रतिक्रान्तिका बाबजुद क्रान्तिको झण्डा उठाउने साहस गर्नु भएकै छ भन्ने प्रतिक्रिया पनि आयो ।

६. तपाईहरुले यसपाली जित्नु हुन्न अर्कोपटक जित्नुहुन्छ । निरन्तर लोकतान्त्रिक प्रक्रियामा भाग लिनुहोस् भन्ने सुझाव पनि पाइयो ।

७. तिमीहरुको संगठन छैन हार्ने ठाउँमा कसले भोट देओस् हामी त दिदैनौं भनेर ठाडै अस्विकार गरेको पनि पाइयो । यो प्रतिक्रिया अलि कमजोर थियो ।

८. तपाईका नेता, विचार, सिद्धान्त ठीक छ । तपाई उम्मेदवार पनि ठीक हुनुहुन्छ तर पार्टी सानो छ । जित्न सक्नुहुन्न के भोट दिने भन्ने प्रतिक्रिया पनि जोडतोड साथ आयो ।

९. खुरखुरे भन्ने ठाउँमा भोट माग्ने दौरानमा एकजना जनजाति गुरुङ अभिभावकले बाबु हो यो चुनावै होइन यो त शासकहरुले नेपाली जनताको रगत पसिनाबाट जम्मा भएको ढुकुटी स्वाहा पार्दै मनोरञ्जन लिने जुवाको खाल हो । यसबाट तपाईहरु जोगिनुहोस् है भनेर सुझाव दिनुभयो ।

१०. एकथरिले यो संसदीय व्यवस्थाअन्तर्गतको चुनावको धज्जी उडाउदै हामीलाई कति पैसा दिन्छौ भोट दिएबापत भनेर भने । यिनिहरु वास्तविक भोट बेच्ने व्यक्तिहरु थिएनन् । एकथरिले साच्चै आफ्नो भोट विक्री गर्नकै लागि मोलमोलाइ पनि गर्न खोजे । जनप्रतिनिधि छान्ने चुनाव र अमूल्य मतलाई केही पैसा र मासु मदिरामा विक्री गरेको पनि देखियो ।

११. कसैले हामीलाई पानी खाने धारा देउ, कसैले यो बाटो बनाइदेउ, कसैले स्कुटी, मोटरसाइकल गाडीको लाइसेन्स

...बाँकी ७ पेजमा

झर्रोटर्रो | कैलुब्राह

# फड्को हान्ने घोषणा

गोलघेरे दलका मिस्टर सुप्रिमोले मौका परे फेरि फड्को हान्ने घोषणा गरेका छन् । उनले आफ्नो निर्वाचन क्षेत्रमा भएको एउटा धार्मिक कार्यक्रमलाई वचन वाणी प्रदान गर्ने क्रममा फड्को हान्ने घोषणा गरेका हुन् । फड्को हान्ने उनको नानीदेखि लागेको बानी भन्दा पनि हुन्छ । उनले आफ्नो जीवनमा यस्ता फड्को हान्ने काम दर्जनौ पटक गरेका छन् । हुँदा हुँदा अब त उनको नाम पनि 'कामरेड फड्को हान्ने' राख्दा पनि फरक नपर्ने भएको छ । यसलाई उनले प्रतिपादन गरेको दर्शनको भाषामा छलाङ हान्ने पनि भनिन्छ ।

चुनावबाट जनयुद्धमा र जनयुद्धबाट चुनावमा पनि उनैले फड्को हानेका हुन् । जनयुद्ध सफल नभएसम्म हतियार नविसाउने भनेर वाचा गरेका सुप्रिमोले जनयुद्धलाई धनयुद्धमा वदल्ने परिस्थिति निर्माण भएपछि फड्को हाने । त्यसपछि चुनावबाट सरकार पनि बनाए । सरकारमा बस्दा कट्वालेसित ककटेल नमिलेपछि फड्को हानेर सरकारबाट उछिट्टिएकै हुन् । त्यसपछि दुई ठाउँ चुनाउ हारेर रन्थनीएर पाटीकै पदबाट खुस्किएका माकुनेलाई आफैंले सदनमा छिराउनाले तिनै माकुने सरकारमा जार बनेर उभए । त्यहाँ पनि उनलाई पर्नुसम्मको अप्ठेरो पर्‍यो । राजिनामा धस्काए पनि फेरि आफै पर्धानमन्त्री पट्काइन्छ भन्ने परेको रहेछ तर माकुने जार बनेर उभिए । त्यसैले उनी आफू जहाँ उभिन्छन् त्यहाँ समस्या देखियो भने फड्को हानेर पल्लोपट्टी पुग्छन् । उनले भने 'सुप्रिमो भनेकै अप्ठ्यारो पर्न थाल्यो भने फड्को हानेर उछिट्टिन्छ ।'

पाटीको सुप्रिमो बन्दा पनि फड्को हानेरै भएका हुन् । जनयुद्धमा जाँदा पनि फड्को हानेकै हुन् । जनयुद्धबाट धनयुद्धमा जाँदा पनि फड्को नै हाने । सूर्यछापसँग मिलेर सरकारमा जाँदा पनि फड्को हाने । सूर्यछापलाई लात हानेर चारतारेसँग मिलेर फरि पर्धानमन्त्री पड्काउँदा पनि फड्को हाने । चारतारेलाई हिस्स पारेर फेरि फड्को हानेरै सूर्यछापसँग मिलेर चुनाउ लडे । अहिले सूर्यछापले पर्धानमन्त्री र पाटीको मुखिया दुबै पद नदिने भएपछि फड्को हानेर अन्तैतिर उछिट्टिने कुरा गरेका हुन् । उनलाई अप्ठेरो पर्नै हुन्न । अप्ठेरो पर्‍यो कि फड्को हानिहाल्छन् ।

युद्धका बेला पनि फड्को हानेरै कहिले वैद्य गुरुको कित्तामा र कहिले डाक्टरसावको कित्तामा उभिन्थे । युद्ध छोडेर यता आएदेखि चारतारे र सूर्यछापतिर सप्ठेरो अनुसार उभिन्छन् । अप्ठेरो परे छोड्ने र सप्ठेरो परे जुकोझैं टाँस्सिने उनको बानी छ । चारतारेको बैसाखी टेकेर उभिँदा अबका कम्तिमा दश वर्ष सँगै हिँड्ने बाचा गरेका थिए । देश र परदेशको चुनाउमा विचराले जम्मा तीस प्रतिशत भाग खोजेका थिए चारतारेसित । उनलाई एक्लै चुनाउ लड्न कति सकस परेको थियो । स्थानीय चुनाउमा आफ्नी पुत्रीश्रीलाई चुनाउ जिताउन जनयुद्ध भन्दा ठूलो लडाइँ लड्नु पर्‍यो । चारतारेले तीस प्रतिशतको भाग पनि दिन नमानेपछि डेउडापतिलाई बुङ्गै बनाएर सूर्यछापतिर फड्को हाने । सूर्यछापले त झन् चालीस प्रतिशतको भाग छुट्याइदियो । सानो भाग पनि नपाएर फड्को हान्दा झन् ठूलो भाग फेला पर्‍यो । यसरी फड्को हान्ने खेलमा उनी पहिलो नै बन्छन् । यदि सूर्यछापले चुनाउका बेला गरेको बाचा बन्धन तोड्यो भने सुप्रिमोले फड्को हान्न सक्छन् । फड्को हाने भने पाटी मुखिया पनि नखोसिने र पर्धानमन्त्री पनि पड्काउने सम्भावना बलियो छ । सूर्यछाप दलका मुखिया मिस्टर उखानप्रसादलाई चेतना भया । *२८ माघ २०७४*

*kailubraha73@gmail.com*



# पार्टी एकता र फुटको मूल पक्ष भनेको विचार हो

*(महान जनयुद्धको २३ औं वर्षगाँठ, क्रान्तिकारीहरूबीच भइरहेको एकताको पहल, संगठन तथा जनपरिचालन अभियान लगायतका विषयमा केन्द्रीत रहेर नेकपा (क्रान्तिकारी माओवादी)का महासचिव मोहन वैद्य'किरण'सँग गरिएको संक्षिप्त कुराकानीलाई हामीले यहाँ प्रस्तुत गरेका छौं ।- स.)*

**"महान् जनयुद्धको २३ औं वर्षगाठको यस ऐतिहासिक अवसरमा म सिंगो पार्टीको तर्फबाट वीर अमर शहीदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । वेपत्ता योद्धाहरूको उच्च सम्मान सहित संस्मरण गर्दछु । घाइते अपाङ्ग योद्धाहरूप्रति उच्च सम्मान जाहेर गर्दछु"**

**» दशवर्षे महान जनयुद्धको २३ औं वर्षगाँठ मनाउँदै गर्दा नेपालको क्रान्तिकारी माओवादी आन्दोलनलाई कसरी हेर्नु भएको छ ?**

-अहिले हामी महान् जनयुद्धको २३ औं वर्षगाँठ मनाउन गइरहेका छौं । अहिले माओवादी आन्दोलन विभाजित भएको छ । यो निश्चय नै दुःखद् विषय हो । पार्टी एकता र फुटको मूल पक्ष भनेको विचार हो । क्रान्तिकारी र अवसरवादीहरु एउटै ठाउँमा रहने स्थिति रहन्न । यसरी हेर्दा स्थितिलाई स्वभाविककै रुपमा लिन सकिन्छ । परन्तु, कयौं क्रान्तिकारी भ्रमित छन् । यो परिस्थितिमा क्रान्तिकारीहरु एउटै ठाउँमा हुनु पर्दछ । हाम्रो पहल यसै दिशामा छ ।

**» दश वर्षको जनयुद्धले धक्का खाएको तथा प्रतिक्रान्ति हावी भएको वर्तमान घडीमा फेरि पनि क्रान्तिको तयारीमा जुट्ने उद्‌घोष गरिरहनु भएको छ । त्यसको चुनौति र सम्भावनाको विषयमा केही बताईदिनुस् न ?**

-जनयुद्धले निश्चित रुपमा धक्का खायो तर त्यो धक्का अस्थायी र क्षणिक हो । पश्चगामी सत्तामा बसेका र तिनको संरक्षण गर्ने तत्वहरु पनि अजर र अमर हुन सक्दैनन् तर क्रान्ति भनेको निरन्तर जारी रहने कुरा हो । त्यसैले हामी प्रतिक्रान्तिका विरुद्ध क्रान्तिको तयारीमा छौं । चुनौती धेरै छन्, साथै संभावना पनि धेरै छन् । हामीले चुनौतीहरुलाई चिरेर महान् सम्भावनाहरुको खोजी गर्दै अगाडि बढ्नु पर्छ । इतिहासको द्वन्द्ववादले यही कुरा सिकाउँछ ।

**"पार्टी एकता र फुटको मूल पक्ष भनेको विचार हो । क्रान्तिकारी र अवसरवादीहरू एउटै ठाउँमा रहने स्थिति रहन्न ।"**

**"जनयुद्धले निश्चित रूपमा धक्का खायो तर त्यो धक्का अस्थायी र क्षणिक हो । पश्चगामी सत्तामा बसेका र तिनको संरक्षण गर्ने तत्वहरू पनि अजर र अमर हुन सक्दैनन् तर क्रान्ति भनेको निरन्तर जारी रहने कुरा हो । त्यसैले हामी प्रतिक्रान्तिका विरुद्ध क्रान्तिको तयारीमा छौं ।"**

**» सबै कम्युनिस्ट क्रान्तिकारी समूह तथा व्यक्तिहरुलाई एकीकृत र ध्रुवीकृत गर्ने दिशामा पहल लिइरहनु भएको छ, एकता र धुव्रीकरणको सम्भावना के कस्तो छ ?**

-अहिले हाम्रो मूल उद्देश्य सच्चा क्रान्तिकारी कम्युनिस्ट पार्टी, समूह तथा व्यक्तित्वहरुलाई एकताबद्ध गर्नु हो । यसै क्रममा एकीकरण र ध्रुवीरणका प्रक्रिया अगाडि बढ्दछन् । परन्तु, क्रान्तिकारीहरुलाई गोलबन्द गर्ने संभावनालाई हामीले यथार्थमा बदल्नु पर्छ ।

**"महान जनयुद्धको प्रक्रियामा जुन योद्धाहरुले उच्च बलिदान गरे, जुन योद्धाहरु बेपत्ता पारिए र जुन योद्धाहरु घाइते अपाङ्ग बने तिनको त्याग, वीरता र वलिदानको उत्कृष्ट कृतिमानहरुको औचित्यबारे प्रश्न उठाउने अधिकार कसैलाई पनि छैन । जसले यहाा औचित्यको प्रश्न खडा गर्छन्, ती या त वर्ग दुश्मन हुन् या दुश्मनका दलाल हुन् । जनताका त्याग, वीरता र वलिदानको मूल्य कहिल्यै खेर जादैन ।"**

**» कम्युनिस्ट क्रान्तिकारी आन्दोलनको विरुद्ध देशी विदेशी प्रतिक्रियावादीका साथै संशोधनवादी र अवसरवादीहरुको घेराबन्दी कसिएको छ, त्यो घेराबन्दी तोड्ने विषयमा क्रान्तिकारी माओवादीले के गर्दैछ ?**

-हो, घेराबन्दी कसिदै गएको छ । हामीले त्यसलाई तोड्दै जानुपर्छ । क्रान्तिकारीहरुलाई एकताबद्ध गरेर, जनतालाई साथमा लिएर र आफ्नो पार्टी बलियो बनाएर नै त्यस प्रकारको घेराबन्दीलाई तोड्न सकिन्छ । हामी यसै दिशामा छौं ।

**"महान जनयुद्धको प्रक्रियामा जुन योद्धाहरूले उच्च बलिदान गरे, जुन योद्धाहरू बेपत्ता पारिए र जुन योद्धाहरू घाइते अपाङ्ग बने तिनको त्याग, वीरता र वलिदानको उत्कृष्ट कृतिमानहरूको औचित्यबारे प्रश्न उठाउने अधिकार कसैलाई पनि छैन । जसले यहाा औचित्यको प्रश्न खडा गर्छन्, ती या त वर्ग दुश्मन हुन् या दुश्मनका दलाल हुन् । जनताका त्याग, वीरता र वलिदानको मूल्य कहिल्यै खेर जादैन ।"**

**» आत्मगत अवस्थालाई सुदृढ गर्ने र क्रान्तिको तयारी गर्ने भन्दै सिङ्गो पार्टीपंक्ति अहिले संगठन तथा जनपरिचालन अभियानमा जुटेको छ, उद्देश्य अनुरुप अभियान कसरी चलेको पाउनु भएको छ ?**

-संगठनलाई विस्तार, सुदृढीकरण गर्दै जनपरिचालनका कामलाई अगाडि बढाउने उद्देश्य अनुरुप अभियानका प्रक्रिया कयौं ठाउँमा सामान्यतः अगाडि बढेको छ । त्यसलाई प्रभावकारी ढंगले अगाडि बढाउनका लागि अझै परिश्रम गर्न र दृढतापूर्वक लाग्न जरुरत छ ।

**» नेपालमा नयाँ जनवादी व्यवस्था स्थापना गर्ने उद्देश्यलाई केन्द्रमा राखेर दश वर्षे महान् जनयुद्धमा होमिएका हजारौं योद्धाहरु, जसले उच्च बलिदान गरे, हजारौं बेपत्ता भए र हजारौं घाइते अवस्थामा छन्, अहिले त्यो महान् बलिदानको औचित्यमाथि प्रश्न उठाउन थालिएको छ, के भन्नु हुन्छ ?**

-महान जनयुद्धको प्रक्रियामा जुन योद्धाहरुले उच्च बलिदान गरे, जुन योद्धाहरु बेपत्ता पारिए र जुन योद्धाहरु घाइते अपाङ्ग बने तिनको त्याग, वीरता र वलिदानको उत्कृष्ट कृतिमानहरुको औचित्यबारे प्रश्न उठाउने अधिकार कसैलाई पनि छैन । जसले यहाँ औचित्यको प्रश्न खडा गर्छन्, ती या त वर्ग दुश्मन हुन् या दुश्मनका दलाल हुन् । जनताका त्याग, वीरता र वलिदानको मूल्य कहिल्यै खेर जादैन । भावी क्रान्तिमा त्यसले क्रान्तिकारीहरुलाई अनन्त उर्जा प्रदान गर्दछ । त्यसैले हामीले जनयुद्धमा होमिई बलिदान प्राप्त गरेका, राज्यद्वारा वेपत्ता पारिएका र युद्धमै जनता लामबद्ध भएर खटेका सम्पूर्ण योद्धाहरुको उच्च मूल्यांकन र सम्मान गर्दछौं ।

**» ती महान् शहीद तथा बेपत्ता योद्धाहरु घाइते, अपाङ्ग उनीहरुका परिवारहरु र आमूल परिवर्तनका पक्षधरका जनतालाई यस ऐतिहासिक अवसरमा के भन्न चाहनुहुन्छ ?**

-महान् जनयुद्धको २३ औं वर्षगाँठको यस ऐतिहासिक अवसरमा म सिंगो पार्टीको तर्फबाट वीर अमर शहीदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । वेपत्ता योद्धाहरुको उच्च सम्मान सहित संस्मरण गर्दछु । घाइते अपाङ्ग योद्धाहरुप्रति उच्च सम्मान जाहेर गर्दछु । साथै, यस अवसरमा म शहीद तथा वेपत्ता योद्धाहरुका परिवारजनप्रति स-सम्मान हार्दिक शुभकामना र लाल अभिवादन व्यक्त गर्दछु ।

## अन्तर्राष्ट्रिय तथा नेपाली .....

थियो- "पहिलो अन्तर्राष्ट्रियले समाजवादका लागि सर्वहारा अन्तर्राष्ट्रिय संघर्षको जग बसाल्यो । दोस्रो अन्तर्राष्ट्रियको अवधि त्यो अवधि थियो, जब कैयौं देशहरुमा यस आन्दोलनको व्यापक तथा जनवादी रुपमा विस्तारका लागि जमिन तयार गरियो । तेस्रो अन्तर्राष्ट्रियले दोस्रो अन्तर र्राष्ट्रियका उपलब्धिहरुलाई समेट्यो, त्यसका अवसरवादी सामाजिक अन्धराष्ट्रवादी, पुँजीवादी तथा निम्न पुँजीवादी दोषहरुलाई निकालेर फालिदियो र त्यसले सर्वहारा वर्गको अधिनायकत्वलाई व्यवहारमा लागू गर्न सुरु गऱ्यो ।"

३. लेनिनको निधनपछि तेस्रो अन्तर्राष्ट्रियको नेतृत्व स्टालिनले गर्नुभयो । स्टालिनले लेनिनवादलाई साम्राज्यवाद र सर्वहारा क्रान्तिको युगको मार्क्सवादका रुपमा स्थापित तुल्याउनुभयो । उहाँले एकातिर भीषण दुईलाइन संघर्षका बिचबाट रुसमा समाजवादलाई स्थापित गर्नका लागि विशेष प्रयत्न गर्नुभयो भने अर्कोतिर फासिवादका विरुद्धको संघर्षमा महत्वपूर्ण भूमिका निर्वाह गर्नुभयो । यस प्रकृयामा स्टालिनका कतिपय कमी, कमजोरी तथा सिमा पनि रहे । दोस्रो विश्वयुद्धको प्रक्रियामा सन् १९४३ मा तेस्रो अन्तर्राष्ट्रियको विघटन गरियो ।

४. स्टालिनको निधनपश्चात् सोभियत रुसमा प्रतिक्रान्ति भयो । ख्रुश्चोभ रुसको कम्युनिष्ट पार्टी र सरकारको नेतृत्वमा आएपछि उनले स्टालिनलाई अनेकौ आरोपहरु लगाए । यसैक्रममा माओले एकातिर स्टालिनमा सबल पक्ष ७० प्रतिशत र दुर्बल पक्ष ३० प्रतिशत रहेको भनेर मूल्याङ्कन गर्नुभयो । माओद्वारा गरिएको स्टालिनको मूल्याङकन मूलतः सही थियो ।

५. यसैक्रममा अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनमा माओद्वारा नेतृत्व गरिएको क्रान्तिकारी धारा र खुश्चोभद्वारा नेतृत्व गरिएको दक्षिणपन्थी अवसरवादी धाराका बिच भीषण दुई लाइन संघर्ष चल्यो । यस संघर्षमा भियतनाम लगायतका कतिपय कम्युनिष्ट पार्टीहरुले मध्यमार्गी भूमिका खेल्न पुगे । अन्ततः अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलन क्रान्तिकारी र अवसरवादी धारामा विभाजित हुन पुग्यो ।

६. यसै क्रममा माओद्वारा प्रतिपादित सर्वहारा अधिनायकत्व अन्तर्गत क्रान्तिको निरन्तरताको सिद्धान्तको मान्यताका आधारमा १९६६ देखि १९७६ सम्म चीनमा महान् सर्वहारा सांस्कृतिक क्रान्ति सञ्चालन गरियो । यो क्रान्ति एकैसाथ दुई लाईन संघर्ष र वर्गसंघर्षको एक संश्लेषित अभिव्यक्ति थियो । यसै क्रममा माओले विचारधारात्मक तथा राजनीतिक कार्यदिशा सही वा गलत हुनुले सबै थोकको निर्धारण हुन्छ भन्ने कुरामा विशेष जोड दिदैं 'तीन गर र तीन नगर'को मान्यता प्रस्तुत गर्नुभएको थियो । ती मान्यता थिए- मार्क्सवाद लागू गर संसोधनवाद होइन, प्रष्ट र खुल्ला होऊ, छलछाम र षड्यन्त्र नगर, एकताबद्ध होऊ नफुट । कतिपय कमी, कमजोरी तथा सिमा रहेता पनि महान सर्वहारा सांस्कृतिक क्रान्ति एक युगान्तकारी ऐतिहासिक कदम थियो । परन्तु, माओको निधनपश्चात् चीनमा पनि तेङ्ग सियाओ पिङ्गको नेतृत्वमा प्रतिक्रान्ति भयो । त्यसले अन्तर्राष्ट्रियकम्युनिष्टआन्दोलनरसमाजवादीक्रान्तिकोइतिहासमा अर्को गम्भीर धक्का पुग्न गयो ।

........क्रमश

# समाजवादको लागि संघर्षमा महिलाहरु

१. महिलाहरुको सहभागिताविना कुनै समाजवादी क्रान्ति हुन सक्दैन

यदि हामी महिलाहरुलाई सार्वजनिक गतिविधिहरुमा, सेनामा, राजनीतिक जीवनमा सरिक गराउँदैनौं भो, यदि हामी महिलाहरुलाई निष्प्राण बनाइदिने घरवार एवं भान्साकोठाको वातावरणबाट बाहिर निकाल्दैनौं भने वास्तविक स्वतन्त्रता हासिल गर्न असम्भव हुनेछ । समाजवादको के कुरा, जनवादको निर्माण पनि असम्भव हुन जानेछ ।

*(लेनिनः चिठ्ठीहरु, तेस्रो चिठ्ठी)*

साथीहरु, एउटा अर्थले सर्वहारा वर्ग महिला विभागको यो कांग्रेसको खासरुपमा ठूलो महत्व छ । किनभने सबै देशमा महिलाहरु नै आन्दोलित हुनुमा सवभन्दा सुस्त रहेका छन् । जवसम्म श्रमजीवी महिलाहरुको विशाल समूह त्यसमा अहम भागीदार हुँदैन, तवसम्म कुनै समाजवादी क्रान्ति पुरा हुनसक्दैन ।

सभ्य देशहरुमा यहाँसम्म कि सवभन्दा उन्नत देशमा पनि, महिलाहरुको अवस्था त्यस्तै छ कि उनीहरुलाई घरेलु दासी भन्नु नै उचित हुन्छ । कुनै एउटै पनि पूँजीवादी देशमा, यहाँसम्म कि सवभन्दा स्वतन्त्र जनतन्त्रमा पनि महिलाहरु पूर्ण स्वतन्त्रताको उपभोग गर्न पाउँदैनन् ।

महिलाहरुको अधिकारमाथि लगाइएका सबै प्रतिबन्धको अन्त गर्नु सोभियत जनतन्त्रको पहिलो कार्यभार हो । सोभियत सत्ताले पूँजीवादी खरावी, दमन र अपमानको स्रोत (छोडपत्रको कार्यवाही)को पूर्णतया अन्त गरिदिएको छ ।

आज लगभग एक सालेदेखि हाम्रो यहाँ पूर्णरुपले स्वतन्त्र छोडपत्रको कानून लागू छ । हामीले विवाहबाट जन्मेका र अविवाहित अवस्थामा जन्मेका बच्चाहरुको हैसियतमा हुने भेदलाई मेटाउनको लागि र उनीहरुको विभिन्न राजनैतिक अयोग्यतालाई पनि निराकरण गर्नको लागि एक आज्ञाप्ति जारी गरेका छौं । कुनै पनि अर्को देशमा श्रमजीवी महिलाहरुले यस्तो पूर्ण स्वतन्त्रता र समानता हासिल गरेका छैनन् ।

हामीलाई थाहा छ कि सडेगलेका कानूनको सारा बोझ मजदुर वर्गका महिलाहरुले बहन गर्नु पर्छ ।

हाम्रो कानूनले इतिहासमा पहिलो पटक ती सबैलाई खतम गरेको छ, जसले महिलाहरुलाई अधिकारहीन बनाउँथे । तर यो कानूनको मामिला मात्र होइन, हाम्रा शहर तथा औद्योगिक बस्तीहरुमा विवाहको पूर्ण स्वतन्त्रतासँग सम्बन्धित कानूनले जरा गाड्दै छ, तर गाउँमा अक्सर त्यो कागजमै सीमित रहेको छ । पुरोहितहरुको प्रभावले गर्दा यस्तो भएको हो र यस्ता खराबीसँग लड्नु पुराना कानूनको विरुद्धमा लड्नुभन्दा पनि बढी कठीन छ । धार्मिक पूर्वाग्रहहरुको खिलाफ ज्यादै सावधानीसाथ लड्नु पर्छ । ती मानिसले असाध्यै नोक्सान पुऱ्याउँछन्, जो यस्तो संघर्षलाई धार्मिक भावनालाई ठेस पुग्ने गरी संचालन गर्दछन् । यो संघर्षलाई प्रचार-प्रसारको माध्यमबाट, पढाई-सिकाईको माध्यमबाट चलाउनु पर्दछ । संघर्षमा कटुता सिर्जना गरेर हामी जनसाधारणलाई विरोधी बनाउन सक्छौं । यस प्रकारको संघर्ष जनसाधारणलाई धर्मको आधारमा विभाजित गर्नमा नै सहायक हुन्छ, तर हाम्रो बल त एकतामा छ । धार्मिक पूर्वाग्रहहरुको सबभन्दा गहिरो स्रोत गरीबी एवं अज्ञानता हुन् । हामीले यिनै खरावीहरुसँग लड्नु छ ।

यसवेलासम्म महिलाहरुको स्थिति यस्तै रह्यो कि जसलाई दासत्वको स्थिति भनिन्छ । महिलाहरु आफ्ना घरेलु चाकरीमा पिसिएका छन् र केवल समाजवादको मात्र उनीहरुलाई त्यस चाकरीबाट छुटकारा दिन सक्छ । महिलाहरुले तवमात्र पूर्णतया स्वतन्त्रता तथा मुक्ति प्राप्त गर्दछन्, जब हामी साना घरेलु अर्थव्यवस्थाबाट सामाजिक अर्थतन्त्रमा एवं जमीनको सामूहिक जोताइमा पुग्दछौं । यो कठिन काम हो । सबै मुक्ति-आन्दोलनको अनभुवमा यो देखिएको छ कि कुनै पनि क्रान्तिको सफलता त्यसमा महिलाहरुको सहभागिता कति रहेको भन्ने कुरामा निर्भर रहन्छ । सोभियत सत्ताले महिलाहरुलाई स्वतन्त्र रुपले आफ्ना सर्वहारा समाजवादी गतिविधिहरु संचालन गर्नमा समर्थ बनाउनको लागि सबै कुरा गरिरहेको छ ।

वर्तमान समयसम्म एउटा पनि जनतन्त्र महिलाहरुलाई मुक्त गर्न समर्थ भएको छैन । सोभियत सत्ताले उनीहरुको मद्दत गर्दैछ । हाम्रो उद्देश्य अजेय छ, किनभने हरेक देशमा अजेय मजदुर उठिरहेका छन् । यो आन्दोलनले अजेय समाजवादी क्रान्तिको विकासको परिचय दिन्छ ।

*(लेनिनः मिहेनतकश महिलाहरुको पहिलो अखिल रुसी कांग्रेसमा भाषण)*

चीनका पुरुषमाथि प्रायः तीन किसिमका सत्ताहरुको भार रहन्छन्ः १) राज्यव्यवस्था (राजनैतिक सत्ता), जुन राष्ट्रिय, प्रान्तीय एवं काउन्टी सरकारदेखि लिएर नगर सरकारसम्म फैलिएको छ । २) जातीय व्यवस्था (वंशानुगत सत्ता), जुन पुर्खाहरुको केन्द्रीय मन्दिरहरु र त्यसका शाखाहरुदेखि लिएर घरको मुखियासम्म कायम छ । ३) देवी-देवता तथा दानवको व्यवस्था (धार्मिक सत्ता), जसमा यमराजदेखि दिएर नगर देवतासम्म तथा स्थानीय देवताहरुसम्मको पाताल लोकको व्यवस्था र स्वर्गाधिपतिदेखि लिएर विभिन्न देवी-देवता एवं दानवको व्यवस्था रहेका छन् । जहाँसम्म स्त्रीको सम्बन्ध छ उनीहरुले माथि बताइएका तीन प्रकारका व्यवस्थाहरुको प्रभुत्वको साथमा पुरुषको सत्तालाई (पतिको सत्ता) पनि वहन गर्नु पर्छ । यी चार प्रकारका सत्ताहरुले (राजनीतिक सत्ता, जातीय सत्ता, धार्मिक सत्ता र पतिको सत्ता) तमाम समान्ती पितृसत्तात्मक विचारधारा तथा व्यवस्थाको प्रतिनिधित्व गर्दछन् । र, यिनीहरु नै यस्ता चार प्रकारका जालहरु हुन् जसमा चिनियाँ जनता फसेका छन् ।

हामीले माथि नै भनिसक्यौं कि कसरी गाउँमा किसानहरुले जमीनदारहरुको राजनीतिक सत्ताको तखता उल्टाइदिएका छन् । जमीनदारहरुको राजनीतिक सत्ता वास्तवमा अरु सबै सत्ताहरुको आधारशिला हो । जमीनदारको राजनीतिक सत्ताको तखता उल्टाइएको छ, त्यसकारण जातीय सत्ता, धार्मिक सत्ता तथा पतिको सत्ता, यी सब लरबराउन थालेका छन् । जहाँ किसान सभा शक्तिशाली छ, त्यहाँ कूलको ठूलो बूढो तथा मन्दिरको कोष प्रबन्धकहरुको यस्तो सहास हुनेछैन कि कूलका सदस्यहरुलाई सताऊन् अथवा सम्पत्ति हड्पून् । कुलपति तथा मन्दिरको कोष प्रवन्धकमध्येका अत्यन्त खराब मानिसहरुको, जो वास्तवमा स्थानीय निरंकुश तत्व या खराब तत्व हुन् तखता उल्टाइएको छ । अव कसैको पनि हिम्मत हुनेछैन कि उनीहरु कसैलाई कोरा लगाउने, पानीमा डुबाउने एवं जीउदै गाड्ने जस्तो क्रुर शारीरिक यातना र मृत्युदण्ड देऊन्, जस्तो कि पुर्खाहरुको मन्दिरमा पहिले हुन्थ्यो ।

पूर्वजहरुको मन्दिरमा स्त्री तथा गरीवहरुले उत्सव एवं भोजहरुमा सामेल हुन नपाउने जुन पुरानो प्रथा चल्दै आएको थियो, त्यसलाई पनि खतम पारिएको छ । एकपल्ट काउन्टीको पाएक्वोकी महिलाले दलवलसहित आफ्ना पूर्वजहरको मन्दिरमा धावा बोलेकी थिई । त्यहाँ मजासँग आसनमा बसेर उनीहरुले खाने पिउने काम गरे । उता मन्दिरका दादाहरु भने सब तमासाको मुकदर्शक बनिरहे । एउटा अर्को ठाउँमा गरिव किसानहरुले, जसलाई मन्दिरको उत्सवमा सामेल हुन दिइदैनथ्यो, मन्दिरमा आक्रमण गरे र मजासँग खान-पिन गरे । र, त्यहाँ रहेका स्थानीय निरंकुश तत्वहरु, खराव अधिकारीहरु र लामो गाउनवाला संभ्रान्तहरु डरले काम्दै भागे । किसान आन्दोलनको बृद्धिसँगै हर ठाउँमा किसान पाठशाला चलाउन र किसान सभाको खर्च निकाल्नको लागि उनीहरु मन्दिरको सम्पत्ति जफत गर्ने कुरा गरिरहेका छन् । यस किसिमको धनलाई उनीहरु अन्धविश्वासबाट प्राप्त मालपोत भन्दछन् ।

काउन्टीमा अधंविश्वासपूर्ण रीतिरीवाजहरुलाई रोक्नु तथा मुर्तिहरु फुटाउनु एउटा सामान्य कुरा भइसक्यो । लिलिङको उत्तरी जिल्लामा किसानहरले महामारीको देवतालाई खुशी पार्नको लागि धूपबत्ती सल्काएर निकालिने जुलूस बन्द गरिदिए । लूखओको फुपोलिङ पर्वतस्थित ताओपन्थी मन्दिरमा धेरै मुर्तिहरु थिए तर जव क्वोमिन्ताङको जिल्ला प्रधान कार्यालयको लागि ठाउँको आवश्यकता पऱ्यो, तव मन्दिरका साना-ठूला सबै मुर्तिहरुलाई एउटा कुनामा लगेर राखियो र यसमा कुनै पनि किसानले आपत्ति जनाएनन् । त्यस बेलादेखि कुनै पनि परिवारमा गर्मी हुँदा देवतालाई बलि दिने, धार्मिक क्रिया पूरा गर्ने एवं पवित्र दीप-दान जस्ता प्रथाहरु ज्यादै कम देखिएका छन् । किसान सभाका प्रधान सुन श्यायो-शनले नै यस बारेमा पहलकदमी गरेकाले स्थानीय ताओपन्थी पुजारीहरु उनलाई घृणा गर्न लागेका छन् । उत्तरको तेस्रो जिल्लाको मठमा किसान र प्राथामिक विद्यालयका शिक्षकहरुले काठको मुर्ति काटे र त्यसलाई मासु पकाउनमा प्रयोग गरे । दक्षिणी जिल्लामा विद्यार्थी र किसान मिलेर तुङफू मन्दिरको तीसभन्दा बढी मुर्तिहरु जलाइदिए । सिर्फ “श्री पाओ” नामका दुई साना मुर्तिहरुलाई एक बुढा किसानले “पाप नगर” भनेर बचाएका थिए । जहाँ किसानको सत्ता विराजमान छ, त्यहाँ केवल बुढा किसान र स्त्रीहरु मात्र देवतामा विश्वास गर्दछन् । युवाहरु एवं वयस्क किसानहरुमा देवताको विश्वास बाँकी रहेन । किसान सभाहरु नवयुवक तथा



● क्लारा जेटकिन ●

> **स्त्रीहरूलाई राजनीतिमा नतानीकन जनतालाई राजनीतिमा तान्न सकिन्न । किनभने मानव जातिको आधा भाग स्त्री जाति पुँजीवादको कारण दुई गुणा उत्पीडित छ । मजदुर एवं किसान महिलाहरू पुँजीद्वारा उत्पीडित हुन्छ र त्यसको अलावा सबभन्दा जनवादी पुँजीवादी जनतन्त्रमा पनि, एक त उनीहरूलाई निम्न दर्जाको स्थिति प्राप्त भएको छ, किनभने कानुनले उनीहरूलाई पुरुष बराबरको समानता दिंदैन र अर्को जुन सबभन्दा मुख्य कुरा हो, उनीहरू घरेलु दासी छन् ।**

वयस्क किसानहरुकै हातमा रहेकाले धार्मिक सत्ता पल्टाउने एवं अंधविश्वास समाप्त पार्ने आन्दोलन हर क्षेत्रमा चलिरहेका छ ।

जहाँसम्म पतिको सत्ताका कुरा छ, त्यो गरिव किसानहरुमा तुलनात्मक रुपमा प्रायः नगन्य रहेको छ । किनभने आर्थिक कारणले गर्दा धनी वर्गका महिलाहरुभन्दा गरिव किसान महिलाहरुलाई बढी परिश्रम गर्नु पर्छ । र, त्यसैले उनीहरुलाई पारिवारिक मामिलामा बोल्ने एवं फैसला गर्ने हक बढी मिलेको छ । हालका केही वर्षमा गाउँको आर्थिक अवस्था अझ बढी खराब भएको छ र महिलाहरुप्रति पुरुषको प्रभुत्वको आधार झन् कमजोर हुनपुगेको छ । अहिले किसान आन्दोलनको बृद्धिसँगै धेरै ठाउँमा महिलाहरुले ग्रामिण महिला संघ संगठित गर्न शुरु गरिसकेको छन् । उनीहरुलाई अब शिर उठाउने अवसर मिलेको छ एवं पतिको सत्ता दिन परदिन लड्खडाउँदै जान थालेको छ । संक्षेपमा भन्दा किसानहरुको सत्ताको विकाससँगसँगै सम्पूर्ण पितृसत्तात्मक विचारधारात्मक एवं व्यवस्थाहरु लड्खडाउन लागेका छन् । तर पनि तत्कालिन अभियानमा किसानहरु मुख्य रुपमा जमीनदारहरुको राजनीतिक सत्ता पल्टाउन लागिपरेका छन् । जहाँ जमीनदारको राजनीतिक सत्तालाई पूर्णतया निर्मूल पारिएको छ, त्यहाँ किसानहरु अरु तीन क्षेत्रहरुमा अर्थात जातीय क्षेत्र, धार्मिक क्षेत्र एवं पुरुष सत्ताको क्षेत्रमा, आफ्ना हमला शुरु गर्दैछन् । तर यस किसिमको हमला अहिले शुरु मात्र भएका छन् र किसानहरुको आर्थिक संघर्षको पूर्ण विजयविना तीन क्षेत्रको पूर्ण पराजय हुन सक्दैन । त्यसकारण यस बेला हाम्रो कर्तव्य के हो भने हामीले त्यसमा किसानहरुको नेतृत्व गर्नुपर्छ, जसबाट उनीहरु पुरा शक्ति चलाएर राजनीतिक संघर्ष चलाउन सकून जसबाट जमीनदारहरुको सत्ता पूर्णयता निर्मूल गर्न सकियोस् । आर्थिक संघर्ष पनि तुरुन्त छेड्नु पर्छ, जसबाट गरिव किसानहरुको भूमि समस्या र अरु आर्थिक समस्याहरु आधारभूत रुपमा हल गर्न सकियोस् । जहाँसम्म जातिगत व्यवस्था, अंधविश्वास एवं स्त्री-पुरुषको असमान सम्बन्धको प्रश्न छ, राजनीतिक तथा आर्थिक संघर्षमा विजयको नतिजास्वरुप तिनीहरुको स्वभावतः अन्त्य हुनेछ ।

*(माओ त्सेतुङः हुनान किसान आन्दोलन जाँच रिपोर्ट)*

### २. मजदुर वर्गको सबभन्दा ठूलो आरक्षित शक्ति

मानव जातिको इतिहासमा उत्पीडितहरुको यस्तो कुनै महान् आन्दोलन भएको छैन, जसमा कामदार महिलाहरुको संलग्नता नभएको होस् ।

कामदार महिलाहरु, उत्पीडितहरुमा पनि सबभन्दा उत्पीडित, मुक्ति आन्दोलनको चौडा मार्गबाट कहिल्यै पनि अलग रहेनन् अथवा रहन सकेका छैनन् । जस्तो कि सबैलाई थाहा छ, यो आन्दोलनल सयकडौं-हजारौं शहीदहरु एवं वीरांगनाहरुलाई जन्म दिएको छ । भू-दासहरुको मुक्तिको लागि लड्नेहरुको पंक्तिमा सयौं-हरारौं महिलाहरुलाई देख्न सकिन्थ्यो । यसमा कुनै आश्चर्य छैन कि लाखौं-करोडौं कामदार महिलाहरु मजदुर वर्गका आन्दोलनको झण्डामुनि आकर्षित भएका छन्, जुन उत्पीडित जनसमुदायका तमाम मुक्ति आन्दोलनहरुमध्ये सबभन्दा शक्तिशाली आन्दोलन हो । अन्तरराष्ट्रिय महिला दिवस मजदुर वर्गको मुक्ति आन्दोलनको महान भविष्यको अपराजयेता एवं त्यसको संभावनाकै प्रतीक हो ।

मजदुर एवं किसान मिहेनतकश महिलाहरु मजदुर वर्गको सबभन्दा ठूलो आरक्षित शक्ति हो र त्यसले आधा जनसंख्याको निर्माण गर्छ । सर्वहारा आन्दोलनको भविष्य, सर्वहारा क्रान्तिको जीत-हार, सर्वहारा सत्ताको विजय या पराजय यस कुरामा निर्भर छ कि महिलाहरुको यो आरक्षित शक्ति मजदुर वर्गको पक्षमा उभिन्छ या त्यसको विरुद्धमा रहन्छ ।

यसकारण सर्वहारा र त्यसको अगुवाइ गर्ने दस्ता कम्युनिष्ट पार्टीको पहिलो कार्यभार हो । सर्वहाराको झण्डामुनि महिला किसानहरु तथा महिला कामदारहरुलाई पूँजीपति वर्गको प्रभावबाट मुक्त गर्नु तथा उनीहरुलाई राजनीतिक रुपले शिक्षित एवं संगठित गर्ने निर्णायक संघर्षमा हामफाल्नु ।

अन्तर्राष्ट्रिय महिला दिवस श्रमिकहरुको आरक्षित (रिजर्व) शक्तिलाई सर्वहाराको पक्षमा ल्याउने एउटा माध्यम हो । वास्तवमा श्रमिक महिलाहरु सिर्फ आरक्षित शक्ति मात्र होइनन्, यदि मजदुर वर्ग सही नीतिमा चल्छ भने उनीहरु पूँजीपति वर्गको खिलाफ लड्ने मजदुरका सच्चा सेना बन्न सक्छन् र अनिवार्य रुपमा बन्नु पर्छ ।

मजदुर वर्गको अर्को निर्णायक कार्यभार हो- महिला श्रमिकका आरक्षित शक्तिबाट मजदुर एवं किसान महिलाहरुको यस्तो फौजको गठन गर्नु, जनु सर्वहाराको महान सेनासँग कदम मिलाएर चल्न सक्छ ।

अन्तर्राष्ट्रिय महिला दिवस निश्चय पनि मजदुर एवं किसान महिलाहरुको लागि एउटा यस्तो सेना बन्ने माध्यम बनोस्, जुन मजदुर वर्गको आरक्षित शक्तिबाट निस्केर सर्वहाराको मुक्ति आन्दोलनमा सक्रिय रुपले सामेल हुन्छ ।

*(स्टालिनः अन्तर्राष्ट्रिय महिला दिवस, १९२५)*

### ३. क्रान्तिका वीरांगनाहरु

डिसेम्बरका दिनहरुमा मस्कोका सर्वहारावर्गले हामीलाई विचारधाराको दृष्टिले सेनामा कामको सम्बन्धमा अत्यन्त शानदार पाठ सिकायो । जस्तो कि उदाहरणको लागि, डिसेम्बर ८ का दिन स्त्रास्तनाया स्क्वायरमा जनसमूह कज्जाकलाई घेरेर उनीहरुसँग घुलमिल भएर उनीहरुसँग मेलमिलाप गरेर फिर्ता जान राजी गरायो । डिसेम्बर १० का दिन प्रेस्न्याको घटना, दश हजार मानिसहरुको भीडमा रातो झण्डा हातमा लिएर गइरहेका दुईजना मजदुर केटीहरु कज्जाकहरुको सामना गर्नका लागि निर्भीकतापूर्वक हामीलाई मार, तर हामी जीउँदो छउञ्जेल झण्डा छोड्दैनौं भनेर हाँक दिँदै अगाडि झम्टन पुगे । कज्जाक तिल्मिलाएर गए र जनसमुदाय नारा लगाइरह्यो “कज्जाकको जय” । सहास एवं वीरताको यो उदाहरण सर्वहारा वर्गको मनमा सदाको लागि अंकित हुनुपर्छ ।

*(लेनिनः मस्को विद्रोहको पाठ, १९०६)*

### ४. मुक्तिको मार्ग

बोल्सेभिकवाद र रुसी अक्टोवर क्रान्तिको मुख्य एवं आधारभूत कुरा यो हो कि त्यसैको कारणले ती मानिसहरु राजनीतिकमा तानिएका छन्, जो पूँजीवाद अन्तरगत सबभन्दा बढी उत्पीडित थिए । उनीहरुलाई राजतन्त्र एवं पूँजीवादी जनतन्त्र दुवैमा पूँजीपतिहरुले कुल्चिएका, बहकाएका तथा लुटेका थिए । जवसम्म भुमि, कारखाना एवं मीलहरुमाथि निजी स्वामित्व कायम थियो, त्यस वेलासम्म पूँजीपतिहरुद्वारा जनताको श्रमको त्यस्तो उत्पीडन, त्यस्तो ठगी, त्यस्तो लुट अनिवार्य थियो ।

बोल्सेभिकवादको, सोभियत सत्ताको सार यसमा छ कि पुँजीवादी जनवादको झुट एवं पाखण्डको भण्डफोर गरेर, मिलहरुमाथिको निजी स्वामित्वलाई समाप्त पारेर सारा राज्यसत्ता मिहेनतकश एवं शोषित जनसमूहहरुको हातमा केन्द्रित गरियोस् । ती जनसमूहहरुले राजनीतिलाई अर्थात् नयाँ समाजको निर्माणको कामलाई स्वयं आफ्नै हातमा लिइरहेका छन् । काम कठिन छ, पुँजीवादले जनसमूहहरुलाई कुल्चिएको छ र पद दलित बनाइराखेको छ । तर बढ्दो दासत्वबाट, पुँजीपतिहरुको दासत्वबाट छुटकारा पाउने अर्को कुनै बाटो न त छ न हुनै सक्छ ।

तर स्त्रीहरुलाई राजनीतिमा नतानीकन जनतालाई राजनीतिमा तान्न सकिन्न । किनभने मानव जातिको आधा भाग स्त्री जाति पुँजीवादको कारण दुई गुणा उत्पीडित छ । मजदुर एवं किसान महिलाहरु पुँजीद्वारा उत्पीडित हुन्छ र त्यसको अलावा सबभन्दा जनवादी पुँजीवादी जनतन्त्रमा पनि, एक त उनीहरुलाई निम्न दर्जाको स्थिति प्राप्त भएको छ, किनभने कानुनले उनीहरुलाई पुरुष बराबरको समानता दिंदैन र अर्को जुन सबभन्दा मुख्य कुरा हो, उनीहरु घरेलु दासी छन् । भान्सा कोठाका सबभन्दा तुच्छ, सबभन्दा रुचिहीन, सबभन्दा कठोर तथा सबभन्दा दिक्कलाग्दो काममा एवं घरेलु पारिवारिक खर्चपर्चमा अल्झिएर उनीहरु पिसिन्छन् ।

वोल्सेविक सोभियत क्रान्तिले स्त्रीहरुको असमानता एवं उत्पीडनजस्ता कुराको जरा काट्दैछ । त्यसो गर्न साहस संसारमा अरु कुनै पनि पार्टी वा क्रान्तिले गरेनन् । सोभियत रुसमा पुरुषहरुसँग स्त्रीहरुको कानुनी असमानताको कुनै पनि चिन्ह बाँकी रहेको छैन । सोभियत सत्ताले विवाह तथा परिवारसम्बन्धी अधिकार एवं सन्तानसँगको सम्बन्धको मामिलामा अत्यन्त घृणित, नीच र पाखण्डपूर्ण असमानतालाई पूर्णतया समाप्त गरिदिएको यो स्त्रीहरुको मुक्तिको दिशामा अवश्य पनि हिलो कदम हो । तर कुनै एउटा पनि पुँजीवादी जनतन्त्रले चाहे त्यो जतिसुकै जनवादी किन नकहोस्, त्यही पहिलो कदमसम्म उठाउने साहस गरेको छैन । उसलाई के डर छ भने कहीं त्यसबाट आफ्नो निजी सम्पत्तिको पवित्र अधिकार गुम्ने त हैन ?

दोस्रो मुख्य कदम जमिन, कारखाना र मीलहरुमाथिको निजी स्वामित्वलाई समाप्त गर्नु हो । केवल यही मात्र एउटा साधन छ, जसबाट स्त्री जातिको पूर्ण तथा वास्तविक मुक्तिको बाटो सफा हुसक्छ र तुच्छ अलग घरेलु अर्थ व्यवस्थाबाट विशाल सामाजिक अर्थव्यवस्थामा पुगेर घरेलु दासत्वबाट उनीहरु मुक्त हुन सक्छन् ।

यो संक्रमण कठिन छ किनभने यो सबभन्दा गहिरो जरा गाडेको, आदत बनिसकेको जडिभुत कठोर व्यवस्था (सत्य त यो हो कि त्यो व्यवस्था होइन, बर्बरता तथा कुरुपता हो)को पुनर्निर्माण गर्ने काम हो । तर त्यो सुरु भइसकेको छ । अगाडि बढिरहेको छ र हामी नवीन मार्गमा निस्किसकेका छौं ।

मिहेनतकश महिलाहरुको अन्तर्राष्ट्रिय दिवसमा संसारका सबै मुलुकहरुमा मिहेनतकश महिलाहरुको अनेक जुलुसहरुमा सोभियत रुसको अभिनन्दन गुञ्जिनेछ, जसले मुक्तिको अत्यन्त कठित तथा दुष्कर तथापि महान् (सार्वभौमिक रुपले महान्) तथा सच्चा मुक्तिको काम सुरु गरेको छ । जोश भरिएका आह्वान गुञ्जिनेछन्, जसमा भयानक पुँजीवाद प्रतिक्रियाको, जुन कहिलेकाहीं पासविक हुन्छ, दृढतासँग मुकाबिला गर्ने माग हुनेछ । पुँजीवादी देश जति बढी स्वतन्त्र हुन्छ या जनवादी हुन्छ, त्यति नै बढी पुँजीवादी लुटेराहरुले मजदुर, क्रान्तिमाथि बर्बरतापूर्वक हमला गर्नेछन् । यस्ता जनवादी जनतन्त्रको एउटा उदाहरण संयुक्त राज्य अमेरिका हो । तर मजदुर सामूहिक रुपले जागिसकेका छन् । साम्राज्यवादी युद्धले आखिरमा अमेरिका, युरोप तथा पिछडिएका एशियाली मुलुकका गतिहीन, सुप्त जनसमूहहरुलाई जगाइदिएको छ । संसारका सबै भागमा काम आरम्भ भइसकेको छ ।

साम्राज्यवादी बोझबाट जनताको मुक्ति तथा पुँजीको बोझबाट कामदारहरु तथा कामदार महिलाहरुको मुक्तिको कार्य निर्वाध गतिले अगाडि बढिरहेको छ । यो कार्यलाई खेत तथा कारखानाहरुमा काम गर्ने लाखौंलाख पुरुष एवं महिला श्रमिकहरुले आफ्नो हातमा लिएका छन् । यसैकारणले पुँजीवादी दासत्वबाट श्रमलाई मुक्त गर्ने यो काम संसारभर सफल हुनेछ ।

# कम्युनिष्ट घोषणापत्रको ऐतिहासिक महत्व र सान्दर्भिकता



● हस्तबहादुर केसी ●

*"यो सानो पुस्तक ठूला ठूला ग्रन्थहरूको बराबर छ, यसको मूलआत्माले सम्पूर्ण संसारका समस्त संघर्षशील सर्वहारावर्गलाई संगठित हुन प्रेरणा दिइरहेको छ ।"*

**-भ्लादिमिर इल्यिच लेनिन**

आज फेब्रुअरी १२ तारिख । आजैका दिन अर्थात आजभन्दा ठिक १७० वर्ष पहिले सन् १८४८ फेब्रुअरी १२ तारिखका दिन वैज्ञानिक साम्यवादका प्रवर्तक कार्ल मार्क्स र फ्रेडरिक एंगेल्सद्वारा लिखित कम्युनिष्ट घोषणापत्र लण्डनबाट जारी भएको थियो । यो विश्वविख्यात कम्युनिष्ट घोषणापत्र प्रकाशनसँगै विश्वसर्वहारा वर्गको मुक्तिको सैद्धान्तिक मार्गदर्शक सिद्धान्त बन्यो ।

मार्क्स-एंगेल्सद्वारा विश्वविख्यात कम्युनिष्ट घोषणापत्र लण्डनबाट जारी हुने वित्तिकै त्यसले ठूलो क्रान्ति ल्यायो र विश्वराजनीतिको रंग मञ्चमा हलचल पैदा गरि दियो । यस विषयमा स्वयम् मार्क्सले भन्नु भएको छ । "युरोपमा एउटा हाउ घुमफिर गरिरहेको छ- साम्यवादको हाउ । यस हाउलाई धपाउन भनेर पोप र जार, मेटर्निख र गीजो, फ्रेन्च उग्रवादी र जर्मन पुलिस अर्थात् पुरानो युरोपका सारा सत्ताधारीहरू एक भएका छन् ।

कुन यस्तो विरोधी पार्टी छ जसलाई सत्ताधारीहरूले कम्युनिष्ट भनी बद्नाम नगरेको होस् ? कुन यस्तो विरोधी पार्टी छ जसले आफूभन्दा धेरै प्रगतिशील विरोधी पार्टीहरूलाई र आफ्ना प्रतिक्रियावादी विरोधीहरूलाई समेत कम्युनिष्ट भएको घृणित आरोप नलगाएको होस् ?

तथ्यबाट दुई कुरा प्रष्ट हुन्छ। युरोपका सारा सत्ताधारीहरूले साम्यवादलाई अब एक शक्ति मानिसकेका छन् । अब कम्युनिष्टहरूले सम्पूर्ण संसारको अगाडि आफ्ना विचारहरू, आफ्ना उद्देश्यहरू, आफ्ना प्रयासहरू खुलस्त बताउनुपरेको छ र साम्यवादको हाउसम्बन्धी दन्त्यकथाको सट्टामा पार्टीको आफ्नो घोषणापत्र प्रस्तुत गर्नुपरेको छ ।"

- कार्ल मार्क्स- फ्रेडरिक एंगेल्स, संकलित रचनाएं (हिन्दी) तीन खण्डोंमे, खण्ड १, भाग १, पृष्ठ १२९, प्रगति प्रकाशन मास्को ।

अतः १७० वर्ष पछि पनि यस कम्युनिष्ट घोषणापत्रको महत्व र सान्दर्भिकता अरु बढेर गएको छ ।

सन् १८४२ मा जर्मन आप्रवासीहरूले न्यायिक लिगको गठन गरेका थिए। तात्कालिन न्यायिक लिग कम्युनिष्ट लिगमा बदलिएपछि सन् १८४७ को नोभेम्बरमा कम्युनिष्ट लिगको जेनेभामा दोस्रो महाधिवेशन सम्पन्न भयो । त्यस महाधिवेशनले कार्ल मार्क्स र फ्रेडरिक एंगेल्सलाई कम्युनिष्ट घोषणापत्रको मस्यौदा लेख्ने जिम्मा सुम्प्यो। एक वर्ष लगाएर मार्क्स-एंगेल्सले कम्युनिष्ट घोषणापत्रको मस्यौदा तयार पार्न भयो र सन् १८४८ फेब्रुअरी १२ तारिखका दिन लण्डनबाट प्रकाशित गर्नु भयो । अर्थात पहिलो पटक कम्युनिष्ट घोषणापत्रको प्रकाशन सन् १८४८ फेब्रुअरी १२ भएको थियो । संसारका सबैजसो भाषामा प्रकाशित भएको कम्युनिष्ट घोषणापत्र वैज्ञानिक साम्यवादको पहिलो र महत्वपूर्ण सैद्धान्तिक दस्तावेज हो ।

कम्युनिष्ट घोषणापत्रमा चार अध्याय रहेका छन् : पहिलो अध्यायमा पुँजीपति र सर्वहारामा समाजविकासको नियमका आधारमा एक प्रकारको उत्पादनपद्धतिको अन्त्य भएर अर्को किसिमको उत्पादनपद्धति हुनु अत्यन्त स्वाभाविक प्रक्रिया हो । हालसम्मको मानवजातिको इतिहास आदिम साम्यवादलाई छाडेर वर्गसंघर्षको इतिहास हो । यसैका आधारमा पुँजीवादको पतन भएर समाजवाद या साम्यवादमा पुग्नु अनिवार्य छ भन्ने रहेको छ । दोस्रो अध्यायमा सर्वहारा र कम्युनिष्ट आजको युगमा सबभन्दा प्रगतिशील उत्पादनशक्ति मजदुरवर्ग हो र कम्युनिष्ट तिनै सर्वहारा मजदुरवर्गको सबभन्दा संघर्षशील समुदाय हो । यसको सांगठनिक शक्तिले उनीहरूको युगान्तकारी परिवर्तनमा सबभन्दा महत्वपूर्ण नेतृत्व प्रदान गर्न सक्छ । कम्युनिष्टहरूको तत्कालीन लक्ष्य पुँजीपतिवर्गको सत्ता पल्टाएर सर्वहारावर्गको राजनीतिक सत्ता कायम गर्नुपर्छ भन्ने विचार रहेको छ। तेस्रो अध्यायमा समाजवाद र कम्युनिष्ट साहित्यमा केन्द्रित समाजवादको नाममा देखापरेको विभिन्न किसिमका काल्पनिक तथा टूटपूँजिया विचारधाराहरूको खण्डन गरिएको छ। चौथो अध्यायमा विभिन्न विरोधी पार्टीहरू र कम्युनिष्टहरूको स्थितिबारे कार्यनीतिक समीक्षा गरिएको छ। कम्युनिष्टहरू एक दलमा मात्र विश्वास गर्छन् भन्ने कम्युनिष्ट विरोधीहरूले लगाउने लान्छनाको खण्डन भएको छ । कम्युनिष्ट पार्टी आफ्नो स्थिति मजबुत गर्न नसकेको ठाउँमा राष्ट्रवादी प्रगतिशील शक्तिहरूसँग सम्बन्ध मजबुत गर्न नसकेको ठाउँमा राष्ट्रवादी प्रगतिशील शक्तिहरूसँग सम्बन्ध कायम गर्न सक्छ । तर आफ्नो स्थिति बलियो भएको ठाउँमा समाजको समग्र विकासमा महत्वपूर्ण भूमिका खेल्न सक्छ भन्ने वर्णन गरिएको छ । अन्त्यमा "सर्वहारा वर्गसँग गुमाउनका लागि सिक्री बाहेक केही छैन, जीत्नका लागि सारा संसार छ" भन्दै "दुनियाँका मजदूरहरू एक हौं" भन्ने आह्वान गरिएको छ। र, दुनियाँका मजदुरहरू एक होऔं भन्ने नाराका साथ समाप्त भएको छ ।

विश्वसर्वहारावर्गका महान् नेता भ्लादिमिर इल्यिच लेनिनले टिप्पणी गर्दै लेख्नु भएको छ, - "यो सानो पुस्तिका सम्पूर्ण ग्रन्थहरूको बराबर छ, त्यसको आत्माले सभ्य संसारका समस्त संगठित र संघर्षशील



सर्वहाराहरूलाई प्रेरणा दिइरहेको छ र उनीहरूको प्रथप्रदर्शन गरिरहेको छ ।" लेनिनको उक्त भनाई बढि सान्दर्भिक छ ।

यो कुरा प्रस्ट छ कि कम्युनिष्ट घोषणापत्र मार्क्स-एंगेल्सद्वारा अनुसन्धान गरिएको द्वन्द्वात्मक र ऐतिहासिक भौतिकवादको संशलेषणको दस्तावेज हो ।

मार्क्सवाद सर्वहारा क्रान्तिको विज्ञान हो । यहानेर स्पष्ट हुनु पर्ने कुरा के छ भने मार्क्सवाद पुँजीवादको प्रारम्भिक अवस्थामा विकसित भएको वैज्ञानिक तथा क्रान्तिकारी विचार हो । द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवाद, अतिरिक्त मूल्यको सिद्धान्त, वर्गसंघर्ष तथा इतिहासमा बलप्रयोगको भूमिका र वैज्ञानिक समाजवाद तथा साम्यवाद मार्क्सवादका आधारभूत मान्यता हुन् ।

लेनिनले मार्क्सवादबारे संशलेषण गर्दै भन्नु भएको छ, - "मार्क्सवाद भनेको मार्क्सका विचार र उनका शिक्षाको व्यवस्थित श्रृंखला हो । मार्क्सवादको निर्माण दर्शन, राजनीतिक अर्थशास्त्र र वैज्ञानिक समाजवादका तीन संघटक तत्वहरूको संशलेषणबाट भएको छ ।"

यहाँनेर सुस्पष्ट हुनु पर्ने अर्को महत्वपूर्ण कुरा के पनि हो भने मार्क्सको दर्शन द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवादी दर्शन हो । यो दर्शनको सिद्धान्त भौतिकवाद हो ।

प्रत्येक दर्शन वर्ग दर्शन रहने कुरा मार्क्सवादी दर्शनको सम्बन्धमा पनि लागु रहन्छ। मार्क्सवादी दर्शन पनि एउटा वर्ग दर्शन हो, सर्वहारा वर्गको दर्शन हो, तर त्यो अन्य दर्शनहरू झै अल्पसंख्यकहरूको, शोषकहरूको दर्शन नभएर बहुसंख्यकहरूको, सर्वहाराहरूको दर्शन हो। यसलाई स्टालिनले "मार्क्सवादी-लेनिनवादी पार्टीको विश्वदृष्टिकोण" को रूपमा परिभाषित गर्नु भएको छ ।

स्टालिन, द्वन्द्वात्मक र ऐतिहासिक भौतिकवाद

मार्क्सवादको उदय हुनु भन्दा पहिले पनि बेलायत, फ्रान्स, जर्मनी, अमेरिका जस्ता पुँजीवादीले विकास गरिसकेका देशहरूमा ठूला ठूला मजदुर आन्दोलनहरू भएका थिए, तर ती सबै मजदुर आन्दोलनहरू मार्गदर्शन गर्ने वैज्ञानिक तथा क्रान्तिकारी सिद्धान्तका अभावले गर्दा असफलतामा टुंगीएका थिए । तर सन् १८४८ मा मार्क्स-एंगेल्सद्वारा कम्युनिष्ट घोषणापत्र जारी गरे पश्चात यो सर्वहारावर्गको युक्तिको मार्गदर्शन गर्ने सैद्धान्तिक अस्त्र बन्न पुग्यो र विश्वसर्वहारावर्ग वैज्ञानिक तथा क्रान्तिकारी सिद्धान्तले लैस हुन पुग्यो ।

विश्व राजनीतिक रंगमञ्चमा एक स्वाधिन शक्तिको रूपमा देखा परिसकेपछि सर्वहारावर्गको लागि एक साँच्चिकै वैज्ञानिक दर्शनको खाँचो पर्न गएको थियो, त्यो एक प्रकारको ऐतिहासिक आवश्यकता पनि थियो जसको परिपूर्ति मार्क्सवादी दर्शन अर्थात द्वन्द्वात्मक र ऐतिहासिक भौतिकवादी दर्शनले मात्र गऱ्यो । एक पुरै वैज्ञानिक दर्शनको रूपमा त्यसले पुरानो पुँजीवादी विश्वको विनास र नयाँ साम्यवादी विश्वको सिर्जनाको लागि अर्थात् विश्वको आमूल रूपान्तरणको लागि मार्क्सवाद जब्बर सैद्धान्तिक जग बन्न पुग्यो । अझै अर्को शब्दमा भन्नु पर्दा विश्वको क्रान्तिकारी रूपान्तरण गर्ने ऐतिहासिक जिम्मेवारी बहन गरिरहेको सर्वहारावर्गको प्रयासलाई मार्क्सवादी दर्शनले सैद्धान्तिक आधार र निर्देशन प्रदान गर्दै आएको छ । यसमा सर्वहारावर्गले संसारलाई ठिकसित बुझ्ने र त्यसलाई फेर्ने एक अचूक बौद्धिक अस्त्र भेटाएको छ। यसको महत्वलाई दर्शाउँदै लेनिनले लेख्नु भएको छ, -"मार्क्सको दर्शन एउटा यस्तो परिपूर्ण दार्शनिक भौतिकवाद हो, जसले मानवजातिलाई र खास रूपले मजदुरवर्गलाई ज्ञानका शक्तिशाली औजारहरू प्रदान गरेको छ ।" -लेनिन संकलित रचनाहरू भाग १९, पृष्ठ २५ ।

सर्वहारावर्गका लागि दर्शनको कति महत्व हुन्छ भन्ने बारेमा आफ्नो कानुन सम्बन्धि 'हेगेलको दर्शनको आलोचनामा एक देन' शीर्षकको लेखको प्रस्तावनामा मार्क्सले लेख्नु भएको छ, - "जसरी दर्शनले सर्वहारा वर्गमा आफ्नो भौतिक हतियार भेटाउँछ त्यसरी नै सर्वहारावर्गले दर्शनमा आफ्नो बौद्धिक हतियार भेटाउछ।" मार्क्स र एंगेल्स, संकलित रचनाहरू, भाग ३, पृष्ठ १८७ ।

त्यसैगरी मार्क्सवादको दार्शनिक पक्षको महत्वलाई कमरेड माओत्सेतुङले यसरी दर्शाउनु भएको छ, - "मार्क्सवाद ज्ञानका अनेक शाखाहरूबाट बनेको छ, मार्क्सवादी दर्शन, मार्क्सवादी अर्थशास्त्र र मार्क्सवादी समाजवाद अर्थात् वर्गसंघर्षको सिद्धान्त तर जग चाँही मार्क्सवादी दर्शन हो । यदि त्यसलाई मनन गरिँदैन भने हाम्रो एउटै साझा भाषा वा कुनै साझा तरिका हुने छैन, हामीले चिजहरूलाई स्पष्ट नपारिकन यता उताको कुरा तर्क मात्र गरिरहेका हुनेछौं । द्वन्द्वात्मक भौतिकवादलाई मनन गरि सकेपछि थुप्रै दुःखकष्ठबाट जोगिने छ र धेरै गल्तीहरू हट्ने छन् ।"

मार्क्सवाद गतिशील र वैज्ञानिक सिद्धान्त हो । आज मार्क्सवाद एक्लो छैन । यसले पहिलो चरणमा मार्क्सवाद र मार्क्सवादको गुणात्मक विकासको दोस्रो चरणमा लेनिनवादका साथै मार्क्सवाद-लेनिनवादको गुणात्मक विकासको तेस्रो र नयाँ चरणमा माओवादको विकास भइसकेको छ । यसरी आज अन्तर्राष्ट्रिय सर्वहारावर्गको हातमा एउटा सार्वभौम सिद्धान्तको सिंगो अभेद इकाइको रूपमा मार्क्सवाद-लेनिनवाद-माओवाद रहेको छ ।

पुँजीवादको विकाससँगै जन्मिएको सर्वहारावर्ग इतिहासको अन्तिम, अन्तर्राष्ट्रिय र क्रान्तिकारी वर्ग हो । युरोपमा सर्वहारावर्गको उदय र पुँजीवादका विरुद्ध यसको संघर्षको भौतिक वातावरणले मार्क्सवादको जन्मको लागि आवश्यक पूर्वाधारको काम गऱ्यो । अत्यन्त घनिष्ट सहकर्मी फ्रेडरिक एगेल्सको सहयोग सहित कार्ल मार्क्सद्वारा विलक्षण प्रतिभाका साथ द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवादका रूपमा सर्वहारावर्गको विश्व दृष्टिकोणको अनुसन्धान गरियो । मार्क्सवादको रूपमा स्थापित यो वैज्ञानिक अनुसन्धान आफ्नो सारतत्वमा मानव जातिले हज्जारौं वर्षका क्रममा आर्जन गरेका अनुभव र ज्ञानको सर्वोच्च संश्लेषण हो । 'दुनियाँको व्याख्या गर्ने मात्र होइन, मुख्य कुरा त यसलाई बदल्ने हो' भन्ने क्रान्तिकारी उद्देश्य सहित संश्लेषित यो विज्ञानले मानव जातिकै चिन्तनको क्षेत्रमा एउटा अभूतपूर्व क्रान्ति ल्याइदियो । समाजमा विद्यमान सबै प्रकारका रुढी, अन्धविश्वास र पन्थहरूका विरुद्ध मार्क्सवादले दुनियाँ बुझ्ने र दुनियाँ बदल्ने वैज्ञानिक अस्त्र प्रदान गऱ्यो ।

भौतिक आवश्यकता परिपूर्तिको निमित्त उत्पादन र पुनर्उत्पादनको प्रक्रियामा उत्पादक शक्तिको विकाससँगै कसरी मानिसहरूको बीचमा विशिष्ट उत्पादन सम्बन्ध कायम हुन जान्छ र आदिम साम्यवादी व्यवस्थापछिको समग्र इतिहास कसरी निश्चित वैज्ञानिक नियमद्वारा निर्धारित वर्गसंघर्षको इतिहास भयो भन्ने कुरा पनि अकाट्य तथ्य सहित मार्क्सवादले प्रमाणित गऱ्यो । यही नै ऐतिहासिक भौतिकवादको समग्र इतिहासप्रतिको आरोप हो ।

पुँजीवादी शोषण र समाजका मुठ्ठीभर पुँजीपतिहरूका हातमा पुँजीको संकेन्द्रणको रहस्य उद्घाटन गर्दै कार्लमार्क्सले अतिरिक्त मूल्यको सिद्धान्त अगाडि ल्याउनु भयो । नाफा कमाउने धुनमा पुँजीवादले कसरी मानवीय श्रमलाई निर्जिव वस्तुमा परिणत गरी शोषणको व्यूह-रचना गर्न पुगेको छ र आधुनिक सर्वहारावर्गको विशाल फौजको विकास गरी अन्ततः कसरी उसले आफ्नै चिहान खन्ने काम गरिरहेको छ भन्ने कुरा पनि मार्क्सवादले स्पष्ट गऱ्यो ।

उत्पादन शक्तिको अभूतपूर्व विकास, उत्पादन प्रक्रियाको सामाजिकीकरण तथा उत्पादनमाथिको व्यक्तिगत स्वामित्वका बीचको अन्तरविरोधको विशिष्ट स्थितिमाथि ध्यान दिँदै मार्क्सवादले सर्वहारावर्गको काँधमा आएको सामाजिक क्रान्तिको जिम्मेवारी तथा मानिसद्वारा मानिसमाथि हुने सबै प्रकारका शोषणको अन्त्य गरी वर्गविहीन, राज्यसत्ताविहीन मानव जातिको स्वर्णिम भविष्य साम्यवादी समाजको वैज्ञानिक आदर्श प्रस्तुत गऱ्यो । साम्यवादी समाजको यो महान् आदर्श प्राप्तिका लागि सर्वहारावर्गले अपनाउनु पर्ने रणनीति सम्बन्धि आधारभूत सिद्धान्तको जग पनि कार्लमार्क्स र फ्रेडरिक एगेल्सले नै बसाउनु भयो। वहाँहरूले हिंसात्मक क्रान्तिको अनिवार्यता, पुरानो पुँजीवादी राज्यसत्ताको ध्वंसको अनिवार्यता, सशस्त्र जनसमुदायको विकास सम्बन्धि अवधारणा, पुँजीवादबाट साम्यवादसम्मको संक्रमण कालको अनिवार्य आवश्यकताको रूपमा सर्वहारावर्गको अधिनायकत्व र समाजवादी राज्यसत्ताको महत्व आदि बारे समग्रमा आधारभूत अवधारणा प्रस्तुत गर्नु भयो । यो वैज्ञानिक धारणा मजदूर आन्दोलनमा स्थापित गर्न एंगेल्सले आफ्नो जीवनभर त्यसभित्र देखिने पुँजीवादी प्रवृत्तिका विरुद्ध कठोर संघर्ष गर्नु भयो ।

मार्क्सवादको उदय पछि विश्वमा ठूला ठूला उथलपुथलकारी परिवर्तन र क्रान्तिहरू पनि सम्पन्न भए। रुसमा सन् १९१७ मा र भियतनाम तथा उत्तर कोरियामा सन् १९४५ मा क्रान्तिहरू सम्पन्न गरिए । त्यस्तै सन् १९४९ मा चिनमा नयाँ जनवादी क्रान्ति सम्पन्न भयो भने सन् १९५९ मा क्युवामा क्रान्ति सम्पन्न भयो । पूर्वी युरोपका २०औं राष्ट्रहरूमा सोभियत मोडेलको समाजवाद लागु गरियो ।

यसको अर्को नकारात्मक पाटो के हो भने रुस र चिनमा भएको प्रतिक्रान्ति र पुँजीवादको पुनस्थापनाले विश्वकम्युनिष्ट आन्दोलन र विश्व समाजवादी शिविरमा ठूलो क्षति पुग्न गयो । र विश्व कम्युनिष्ट आन्दोलन रक्षात्मक स्थितिमा खुम्चिनु बाध्य भयो । अहिले सम्म पनि यो स्थिति कायमै छ ।

नेपाली कम्युनिष्ट आन्दोलनको इतिहास र महान् नेपाली क्रान्तिको बाटोमा पनि दक्षिणपंथी संशोधनवाद, नवसंशोधनवाद र संसदवादले गंभीर प्रकारको क्षति पुऱ्याउँदै आएको छ ।

इतिहासदेखि नै संशोधनवादले मार्क्सवादमाथि भीषण आक्रमण गर्दै आएको छ । पहिलो अन्तर्राष्ट्रियको समयमा मार्क्स र एंगेल्सले प्रुधोपन्थी, लासालवादी तथा ब्लांकीपन्थी जस्ता अवसरवाद र अराजकतावाद विरुद्ध भीषण विचारधारात्मक संघर्ष चलाएर मार्क्सवादको रक्षा र विकास गर्ने काम गर्नु भयो ।

त्यस्तै दोश्रो अन्तर्राष्ट्रियमा घुस्न सफल भएका बर्नस्टिन, मार्तोमपन्थी तथा काउटस्की जस्ता संशोधनवादी र संसदवादीहरूका विरुद्ध भीषण विचार धारात्मक संघर्ष गरेर लेनिनले मार्क्सवादको रक्षा र विकास र प्रयोग गर्ने क्रममा लेनिनवादको प्रतिपादन गरेर मार्क्सवादलाई थप समृद्ध तुल्याउने काम गर्नु भयो ।

साथै इतिहासको पछिल्लो अवधिमा ख्रुश्चोभपन्थी आधुनिक संशोधनवादका विरुद्ध भीषण दुइलाइन संघर्ष ...बाँकी ७ पेजमा

# सुरुङदेखि शहरसम्म गणतन्त्र एफएम



● मनोज श्रेष्ठ ●

**अनुभव :**

नेपालमा रेडियोको स्थापना भएको पनि ६ दशकभन्दा लामो समय बितिसकेको छ। अर्थात वि.स. २००३ सालमा भोजपुरबाट, २००६ मा विराटनगरबाट र २००७ सालमा सरकारी स्तरबाट रेडियो नेपालको स्थापना भएको पाइन्छ। २०४६ सालको ऐतिहासिक जनआन्दोलनपछि भने नेपालमा रेडियो एफ.एमको स्थापना निकै तीव्र रूपमा भएको पाइन्छ। यो सूचना सञ्चारको क्षेत्रमा भएको सकरात्मक पाटोको रूपमा लिनु पर्दछ, तर जतिसुकै रेडियो स्टेशनहरू खुले पनि एक तथ्याङ्कअनुसार नेपालमा रेडियो सुन्नेहरूको संख्या चाही जम्मा ६० प्रतिशत मात्र छ। नोवलकिसोर राईले लाहुरे दाइको रेडियो तरुनीको हुल र म फुच्चेमा भने जस्तै उदेक, अचम्म र कौतुहलताको विन्दु अनौठो टुप्पीवाल बाकस जस्तै त नहोला तर के भन्न सकिन्छ भने रेडियो नभएका र नसुनेका मान्छेहरूको संख्या थुप्रै छ। यसको प्रमुख कारण भनेको अशिक्षा, गरिबी, अविकसित क्षेत्र, राजधानी र ठूला शहर केन्द्रित रेडियो स्टेशनहरू नै हुन्।

व्यापारिक उद्देश्यका साथ खुलेका निजी सञ्चारमाध्यमहरू र असत्यलाई सयौं पटक फलाकेर सत्य सावित गर्ने असफल प्रयास गरिरहेको सरकारी सञ्चारमाध्यमलाई चुनौती दिंदं सीमित भूगोलमा नै भए पनि एउटा भिन्न उद्देश्यका साथ जनताको झुपडीबाट सुरु भयो जनगणतन्त्र रेडियो।

**प्रारम्भमा रेडियो :**

देशका पाँच क्षेत्रका पाँच स्थानबाट सञ्चालन भएको रेडियो मध्य पूर्वी प्रशारण २०६० साल आश्विन २४ गते शनिबार साँझ ६:३० बजेबाट उदयपुरको इनामेस्थित कमेरे डाँडाबाट पहिलो परीक्षण प्रशारण भएको थियो। गत २०५२ सालबाट सशस्त्र संघर्ष गर्दै आएको ने.क.पा.(माओवादी)को विरुद्ध वा भनौ जनताको जनविद्रोह तुहाउन सरकारी सञ्चारमाध्यमहरूले गरिरहेको गोयवल्स शैलीको प्रचारको विरुद्ध तथा जनतासम्म युद्धक्षेत्रका सत्यतथ्य सूचना र समाचार सम्प्रेषण गर्ने उद्देश्यका साथ यो रेडियोको स्थापना भएको थियो। यो रेडियो र यसका सुरुका दिनहरू र यसका काम कार्वाहीहरू अन्य रेडियोको भन्दा नितान्त भिन्न थिए। किनकि अरुहरू सिकेर गर्थे तर यहाँ गरेर सिक्ने हुँदो रहेछ।

पार्टीले (ट्रान्समिटर) transmitter खरिद गऱ्यो तर त्यसलाई सञ्चालन गर्नको निमित्त कुनै तालिम वा प्रशिक्षणको आयोजना भने गरेन। न त अनुभवी प्राविधिकको नै व्यवस्था गऱ्यो। त्यसैले प्रारम्भमा कसरी सञ्चालन गर्ने, कस्ता कार्यक्रमहरू प्रशारण गर्ने, प्रस्तुति कसरी गर्ने यी सम्पूर्ण विषयहरूमा अन्योलता थियो तर पनि पार्टीले दिएको जिम्मेवारीलाई पूरा गर्नैपर्ने थियो। त्यही क्रममा दुई तीन घन्टाको सामान्य प्रशिक्षण सकियो। तँ चिता म पुऱ्याउँछु भने झै उदयपुर जिल्लाले एउटा panasonic cassette player र केहि cassette उपलव्ध गरायो भने चीनीया long march को सिडीबाट international song को धुन copy भयो। अन्योलता अज्ञानताको बीच त्यही धुनबाट रेडियोको सुरु गरियो। अनि समाचार र केही गीतहरू प्रशारण गऱ्यौ। पहिलो परीक्षण प्रशारणको पहिलो समाचार 'जनताको झुपडीबाट जनरेडियो प्रशारण सुरु' भन्ने थियो। आखिर जे भए पनि एक घन्टाको सफल परीक्षण प्रशारण सकियो।

२५ गते बिहान दोश्रो सफल प्रशारण पछि हामी भूगोल सर्ने तयारीमा लाग्यौ। किनकी युद्धको बेला लामो समय एकै ठाउँमा बस्नु सुरक्षाको हिसाबले उचित मानिदैन थियो। त्यसपछि हामी आफ्नो भएभरका समानहरू डोकोमा बोकेर सोलुको चित्रेतिर प्रवेश गऱ्यौ। त्यसपछिका दिनहरू भौतिक र मानसिक रूपमा नै निक्कै कष्टकर बन्न पुग्यो। किनकि प्राविधिक हामीबाट छुटी सक्नु भएको थियो।

बन्दुकको ट्रिगर दबाउने औलाहरूले computer को mouse क्लिक गर्न निकै कठिन हुने रहेछ। सातामा एक दिन प्रशारण गर्न पनि हामीलाई हम्मे परिरहेको थियो। कार्यक्रम computer मा नै Record हुन्थ्यो तर save गर्न चाहीं आउँदैन थियो। त्यसैले पुनः हामी cassette player मा record गर्थ्यौं र player बाट नै बजाउथ्यौ। एक दिन कम्प्युटरमा program save भयो साथीहरू खुसीले बेस्कन नाच्नु भयो। लाग्छ यो नै परीक्षण प्रशारणको अविष्मरणीय क्षण थियो। प्रशारणको निमित्त तीन घण्टा उकालो ३७ सय मिटर अग्लो डाँडा (सोलुखुम्वुको चित्रे ) चढ्नु पर्ने, चिसोले रातभर जाग्राम बस्नु पर्ने, हिउँ पगालेर आलु उसिनेर खानुपर्नेजस्ता क्षणहरू निक्कै अविष्मरणीय बनेका छन्। करिब एक महिना यसरी नै बिते। त्यतिबेला हाम्रो टिम पाँच जनाको मात्र थियो साथमा दुई जना सहयोगी र सात जना सुरक्षा टिम। हामी निकै मेहनत गर्थ्यौ त्यो बेला किनकि हामीले सिक्नु थियो। युद्धबाट युद्ध सिक्ने माओवादी मान्यताअनुरूप हामी निरन्तर सिकिरहेका थियौ।

**उद्घाटन र त्यस पछिका महत्व पूर्ण घटनाहरू :**

'सन् १९१७ को आजकै दिनमा महान् लेनिन र त्यहाँको कम्युनिष्ट पार्टीको नेतृत्वमा जारशाही र सबै प्रकारको शोषण अत्याचारमाथि रुसी जनताले विजय हासिल गरेका थिए। यही महान् दिनको सम्मान र सम्झना गर्दै हाम्रो पार्टीले तमाम् अप्ठयाराहरूसँग जुध्दै प्रतिक्रियावादीहरूका झुट प्रचारको प्रतिरोध गर्न तथा जनताको सूचना संयन्त्रलाई नयाँ उँचाइमा उठाउन एफएम नै भए पनि औपचारिक रूपमा आजकै दिन रेडियो जनगणतन्त्र नेपालको उद्घाटन गर्ने निर्णय गरेको छ।' (प्रचण्ड २१ कार्तिक २०६० )

यसरी ने.क.पा (माओवादी)का अध्यक्ष क.प्रचण्डले ८६औ अक्टोवर क्रान्ति दिवसको महान् तथा ऐतिहासिक अवसर पारेर रेडियो जनगणतन्त्र नेपालको उदघाटन् गर्नु भयो। यो औपचारिक उद्घाटन पछि जनरेडियोबाट हाम्रो रेडियोको नाम पनि रेडियो जनगणतन्त्र नेपाल रहन पुग्यो। रेडियो उद्घाटन पश्चात अर्थात मंसिरको पहिलो हप्तातिर पुनः हाम्रो टिम उदयपुर झऱ्यो। लाग्छ, त्यति वेला हाम्रो टिम ६ जनाको हुनुपर्छ। उदयपुरमा हाम्रो बसाई निकै लामो, अविश्मरणीय र महत्वपूर्ण रहन गयो। किनकी शाही सत्ताका रक्षकहरूसँग दिनहुँजस्तो गोल चक्कर मार्नु पर्थ्यो। उनीहरू चारै तिर वाट घेरा हालेर आउथे। हामी भने डोकोमा सवै सामग्री वोकेर सुरक्षित स्थान तिर लाग्थ्यौ। उनिहरू हामीलाई नभेटे पछि निरास हुन्थे, आक्रोसित हुन्थे र त्याहाँका स्थानिय जनतालाई थर्काउँथे, पिट्थे र हामीले एन्टिना वनाउन ल्याएको बास काटिदिन्थे, निर्दोश र निसस्त्र जनतालाई पिटेर अनि धम्काएर बहादुरी देखाउँथे र फर्कन्थे। यो उनीहरूको चरित्र नै थियो। आफ्नो मानवीय चरित्र गुमाइ सकेकाहरूले अरु के नै पो गर्न सक्थे र ?

यता हामी भने उनीहरूको भ्रम छर्ने, घेरा हाल्ने र सखाप पार्ने रणनीतिका विरुद्ध, भ्रम चिर्ने, घेरा तोड्ने र प्रतिरोध गर्ने रणनीतिका साथ अगाडि वढीरह्यौ। हामी भमराले झै गोलचक्कर माथ्र्यौ र घेरा तोड्न साथ रेडियो प्रशारण गरिहाल्थ्यौ। उनीहरू भने रेडियो वज्नसाथ अन्धधुन्द हावाँमा फायरिङ गर्थे र हामीलाई तर्साउने मूर्खता गर्थे। यता दुश्मन आएको बेला माइनको स्वीच र राइफको ट्रिगर दबाउन र दुस्मन गैसकेपछि माइक्रोफोन र माउस समाउन पनि पछि परेन हाम्रो टिम। वास्तवमा जस्तोसुकै संकटको घडीमा पनि काँडाहरूको बीचमा गुलाबझै सदा मुस्कुराइ रहने त क्रान्तिकारीहरू मात्र हुँदा रहेछन्, मालेमावादको विचारले लैस मान्छेहरू मात्र हुँदा रहेछन्। यहि अनुभूति गराएको छ, उदयपुरको ६/७ महिनाको बसाइले। सहि विचार, लक्ष र उद्देश्यका साथ अगाडि वढेपछि जस्तो सुकै आँधीवेहेरीसँग पनि जुध्न सकिने रहेछ, जनताको न्यानो माया पाईने रहेछ साथै तानाशाहहरूको जस्तो सुकै वर्वर यातना, दमन, संगिन र तोपहरूले जनताको आस्थालाई झुकाउन सक्दैन् भन्ने सन्देश पनि त्यहाँका आदरणीय जनसमुदायले दिएका छन्। त्याँहाको अन्य केही घटनाहरू यहाँ उल्लेख गर्न सार्न्दभिक होला। हाम्रो प्रशारण प्रायः वेलुका हुन्थ्यो र वेलुका झ्याउँकिरी कराउनु स्वभाविक नै थियो। साथै हाम्रो समाचार पनि (लाइभ) प्रत्यक्ष हुने गर्थ्यो, त्यसैले हामी केही झ्याउँकिरि लखेट्न तिर लाग्थ्यौ गर्थ्यौं। यदि त्यसो नगर्ने हो भने रेडियोमा झ्याउँकिरि कराएको आवाज गै हाल्थ्यो। अर्कोतिर एउटा सानो वच्चा पनि थियो, त्यो धेरै रुन्थ्यो र त्यसलाई पनि रुनसाथ टाढा कुदाई हाल्नु पर्थ्यो। कहिलेकाहीं त झ्याउकिरि र बच्चाको रुवाइ एक साथ रेडियोमा गै हाल्थ्यो। त्यसैले सबै आ-आफ्नो डयुटीमा सक्रिय हुनुपर्थ्यो, त कहिले हावाले टेन्ट उडाइ दिन्थ्यो, त कहिले असिना र पानीले बेस्सरी पिट्थ्यो। यसैबीच भारतबाट एक दिन एकजना अतिथि हाम्रो रेडियो हेर्न आउनु भयो तर कस्तो विडम्वना त्यही दिन हाम्रो ट्रान्समिटर ( transmitter ) को पावर सप्लाई (power supply) जल्न पुग्यो। त्यो नै त्यस्तो क्षण थियो जुन क्षणले हामी सवैलाई भावव्होल र लज्जित तुल्यायो। मानौ हामीले एक सहयोद्धा गुमाएका छौ। त्यस पछि वहाँ हाम्रा अतिथिले थुप्रै प्राविधिक कुराहरू सिकाउनु भयो र हामीवाट विदा हुनु भयो। त्यस पछि असारतिर हाम्रो टिम भोजपुरतिर लाग्यो। त्यो वेला हाम्रो टिम ७/८ जनाको हुनु पर्छ। नयाँ भूगोल, नयाँ साथीहरू, नयाँ जनता निक्कै उत्साह पैदा भएको थियो टिममा। त्यतिवेला भोजपुरवाट दुई प्रशारण मात्र गर्यौ हामीले। दोश्रो प्रशारणको दिन हामी रात भर कुहिरो काग झै डाडाँमा हुस्सु भित्र हरायौ, रात भर खरिजुक्का, सिस्नो र अल्लोहरू संग संर्घष गर्यौ। विहानी पख पो थाहा भो हामी त अर्कै गाउँ पो पुगेछौ। उज्यालो भए पछि पो देख्यौ शरीरभरि जुक्का फुलिएको। सोच्यौ आज भने अर्काको रगत चुसेर खान पल्केका जुक्काहरू राम्ररी नै मोटाएछन्। हामी हाऱ्यौ स्वभाविक पनि थियो किनकि हामीले गन्तव्य भुलेका थियौ।

अर्को प्रशारणमा हामी सदाभन्दा अलि चाँडै त्याहाँ पुग्यौ। त्यो गोधुली साँझ निक्कै रमाइलो थियो। निलो आकाशमा ताराहरू चम्किन थालि सकेका थिए। क्षितिज पारीका सुन्दर दृश्यहरूले हामीलाई मोहित वनाई रहेको थियो। साथीहरू आङ्ग्नै सुरमा रमाईरहनु भएको थियो। खुल्ला हरियो चउरमा मृगका पाठाहरू झै। तर त्यो खुशीलाई चाँडै नै हिमाली हावाँको एकै झोक्काले उडाई दियो। किनकी भोजपुरको सेल्मे मा ( transmitter) जल्न पुग्यो। त्यस पछि करिव चार महिना रेडियो वन्द हुन पुग्यो।

२०६१ माघ १९ को शाही 'कू' को पूर्वसन्ध्यामा पुनः हाम्रो टिम जुट्यो र प्रशारणको तयारी तर्फ लागी हाल्यो। शाही 'कु' पछि सम्पूर्ण सञ्चार क्षेत्रमा लागेको सेन्सरसिप र रेडियो नेपालले आम जनतामा फैलाएको भ्रम चिर्न हाम्रो टिम निक्कै सक्रियताका साथ लागि पर्यो र सिमित क्षेत्रमा नै भए पनि भ्रम चिर्न सफल भयो साथै जनतामा स्थापित पनि भयो (यतिखेर हामी सिन्धुलीको फिक्कलमा थियौ)। त्यहींताका पार्टीले सरुङ्ग युद्धको योजना ल्याई सकेको थियो। पार्टीको सो स्प्रिडलाई दह्रोसँग पक्ड्दै हाम्रो टिमले पनि प्रशारण सँगसँगै रातारात सुरुङ खन्न थाल्यो। चाडै नै ६/७ जना अट्ने सुरुङ तयार भयो र हामीले सुरुङबाटै प्रशारण गर्न थाल्यौं। सानो टिम, दैनिक प्रशारण, सुरुङ खनाई र दुइ घण्टाको बाटो जेनेरेटर बोकेर तलमाथि गर्नुपर्ने हुँदा हाम्रो स्वास्थ स्थिति नराम्ररी बिग्रिन पुग्यो र एक दिन दुर्घटना भयो जहाँ जेनेरेटर र मान्छे दुवै लड्न पुग्यो। जेनेरेटर पूरै ध्वस्त भयो भने मान्छे सामान्य घाइते मात्र। त्यसपछि हामी दैनिक प्रशारणबाट चार दिन फर्कियौं।

२०६१ फागुन अर्थात महान् जनयुद्धको नवौं वार्षिक उत्सवको करिब एक हप्तापछि शाही सत्ताले हाम्रो रेडियोलाई डिर्स्टव गऱ्यो। शाही सत्ताको सो रवैयाले कति पनि विचलित बनाएन हामीलाई। त्यसैले सीमित श्रोताहरूकै लागि भए पनि निरन्तर प्रशारण गरिरह्यौ। त्यसपछि हाम्रो टिम पुनः भोजपुर आयो। भोजपुरबाट हाम्रो प्रशारणको प्रभावकारिता कति पनि घटेन बरु झन् बढेर गयो। करिब ६ महिनापछि भने पुनः डिर्स्टव गऱ्यो र हामीलाई भूगोल सर्न बाध्य वनायो। भोजपुर पछि हामी संखुवासभातिर लाग्यौ।

'म मेरा चार हजार दुश्मन सेनासँग भन्दा एउटा पत्रकारसँग बढी डराउँछु' भन्ने नेपोलियनको भनाइ निक्कै सार्न्दभिक रहेछ। किनकी शाही सत्ता हामीदेखि यति धेरै आतंकित थियो कि उ जसरी भए पनि हामीलाई खत्तम गर्न चाहन्थ्यो। त्यसैले हाम्रो frequency मा ऊ पटक पटक डिर्स्टव गरिरहन्थ्यो। त्यही सेरोफेरोमा सात पार्टी र ने.क.पा.(माओवादी) बीच १२बुँदे सहमति भयो। त्यही १२ बुँदे सहमतिको जगमा १९ दिने ऐतिहासिक जनआन्दोलन सम्पन्न भयो। शाही सत्ता घुँडा टेक्न बाध्य भयो र सम्पूर्ण सञ्चारमाध्यमहरू माथिको सेन्सरसिप पनि हट्यो।

यता हामी भने अध्यक्ष क.प्रचण्डले भन्नु भएझै '२१औ शताव्दीको लागि नयाँ क्रान्ति सुरु भएको छ। यो वेला प्रचारको महत्व झन् वढेर गएको छ। जनताको सागरवाट मात्र दुस्मनलाई परास्त गर्न सकिन्छ। यो कुरा जनपक्षिय सञ्चार कर्मीहरूले गहिरोसँग आत्मसात गर्नु जरुरी भएको छ।' भन्ने कुरालाई आत्मसात गर्दै हामीले पनि दैनिक प्रशारणको सुरुवात गर्यौं।

खुल्ला परिस्थिति र दैनिक प्रशारणको क्रम सगै हामी पुनः सुरुङ खन्नतिर लाग्यौ तर यो सुरुङ चाही दुस्मनको डरले नभएर हावा छेक्नको लागि थियो। यहि सुरुङवाट हामीले करिव एक वर्ष प्रशारण गर्यौं। शान्ती प्रक्रिया संग सगै दर्ता प्रक्रिया र समुदायलाइ हस्तान्तरण ०६४ मंसिर १ गते सम्पन्न भएको छ।

यो रेडियोको प्रत्येक पार्टपुर्जासँग जनताको रगत र पसिना मिसिएको छ। यो जनताको नासो हो। तर आज यो रेडियो केही मान्छेको कमाई खाने भाडो वनेको छ भने दलाल पुँजपतिहरूको प्रवक्ता। हिजो जनयुद्धको बेला रेडियो नेपाल जुन भुमिकामा थियो आज जणतन्त्र एफएम त्यहि स्थानमा पुग्यो त नभनौ तर यो रेडियो जनताले चाहेजस्तै आवाज विहिनहरूको आवाज वन्न सकेन। हिजो हामी सुचना सञ्चारको माध्यमवाट निरंकुस राजतन्त्र, साम्रज्यवाद, विस्तारवाद लगायत संसदवाद, दक्षिणपन्थी अवसरवाद र संसोधनवाद तथा समाजमा कुरिति, कुसंस्कारका विरुद्ध डटेर लडयौ तर आज त्यहि रेडियो तिनैको सेवामा सर्मपित छ, । दलाल पुजिवादको प्रचारकको रूपमा आफुलाई स्थापित गरि सकेको छ र पनि डोको, नाम्लो, सुरुङको इतिहास फलाकेर साथीहरू इतिहासको व्याज मात्र खाइरहेका छैनन् क्रान्ति र क्रान्तिकारीहरू विरुद्ध मरिमेटेर लागिरहेका छन् र प्रतिक्रान्ति र प्रतिक्रियावादीहरू सेवामा समर्पित छन्।

स्मरणयोग्य कुरा के छ, भने दलाल पुँजीवादले सम्पूर्ण सञ्चार क्षेत्रमा कव्जा जमाइसकेको यो अवस्थामा क्रान्तिकारीहरूले आवाजविहीन जनताको आवाज वुलन्द गर्नका लागि एउटा छुट्टै सञ्चार गृहको निमार्ण र विकास गर्न जरुरी भै सकेको छ। जसले उत्पीडित जनताको पक्षमा वकालत गर्न सकोस् र नयाँ जनवादी क्रान्तिको आधारशीला तयार गर्न सकोस्।

*२०६४ मंसिर २० गते*

## कविता

# पश्चिम ढोका



● हिरामणि दुःखी ●

मझेरीभरी एकमुठि हाँसो पश्किने
सपना बोकेर राजधानी छिरेका
स्वाभिमानी पाखुराहरूको
ब्यापार गर्छ पश्चिम ढोका
हरात मध्य प्रहरदेखि
पङ्क्तिबद्ध उभिएका पाखुराहरूबाट
तिरो अशुल्छ पश्चिम ढोका
र, तीनपुस्ते पञ्जिकरण गर्दै
बुझाउँछ तिनलाई
ठुलो गौचरनको डिपार्चरमा ।
... ...
नित्य सूर्योदय पछिको प्रथम प्रहरसँगै
पङ्क्तिबद्ध उभिएका पाखुराहरूबाट
अङ्गुठाछाप लिन्छ पश्चिम ढोका
प्रतिफलमा,
थमाउँछ सिमाना छोड्ने बकपत्र
अचेल चम्किँदो छ बानियाँको पसलझैं
पश्चिम ढोकाको थोक पसल
मलेसिया, कतार, दुवै र साउदी
कोरिया, जापान, युके र क्यानेडेली
कर्पोरेट कारखानाहरूमा ढुवानी भइरहेछन्
ठुलो गौचरनको बन्दरगाहा भएर
अप्रशोधित पाखुराहरू ।
... ...
बजार फलेको खुसियालीमा
छाति फुलाउँछ सिँहदरबार
टेण्डर खोल्न हौसिन्छ संसद भवन
प्रत्येक हत्केलामा उठेका
ठेलाहरूबाट गर्भाधारण गरि पैदा भएर
जब उसका कञ्चटबाट
तप्प तप्प चुहिन्छन् मोतिदाना
त्यसमा मुछेर लञ्च र डिनर
ब्रोइलरका सपेटासँगै
मनाउँछ ककटेल सिँहदरबार ।
... ...
जब थातथलो छोडेर उड्छन् पाखुराहरू
सुदूर सुदूर आकाशमा
बिप्रेषणको झोलामा हालेर
एक मुठी हाँसो र खुसीको आगमन
पर्खी बसेका
दिन ढल्किएका कैयौँ जोडी अनुहारहरू
एक अञ्जुली जूनको आशमा तड्पिएका
सयौँसयौँ आँखाहरू
आँशुको भेलमा हेर्लिंदै
एकमुठी सासको याचना गर्छन्
त्यतिबेला चिलगारी
ओर्लन्छ ठुलो गौचरनमा
सेलाएका पाखुराहरू बोकेर ।
... ...
कुनै दिन
रित्तो रित्तो हुनेछ मेरो बस्ती
त्यतिवेला कर्पोरेट मालिकहरू
पाखुरा निचोरेर अघाएको भुँडी मुसार्दै
पान चपाएर निस्किएको घिनौना थुक
पिच्च थुकिदिनेछन् मेरो बस्तीमा
थुकदानी बन्नेछ मेरो धरा
अनि, लेखिनेछ एकादेशको दन्त्य कथा
मिथक बन्नेछ मेरो देश
र, देखाउनेछ हलिउडले ठुलो पर्दामा
कङ्कालहरूले भरिएको छायाचित्र
प्रशारण गर्नेछ हिस्ट्री च्यानलले
धारावाहिक कथाको श्रव्यदृश्य ।
... ...
हलिउडको पर्दा खुल्नु अगाडि
रातो क्षितिजको दैलो उघार्न
बाल्नु पर्छ नयाँ मुठिहरूको दावानल
फुक्नुपर्छ नयाँ महाभारतको दुन्दुभी
र, बन्द हुनेछ पश्चिम ढोकाको
पाखुराहरूको थोकपसल ।
... ...

*११ कात्तिक २०७१*
*घट्टेकुलो, काठमाडौं*
*नोट : पश्चिम ढोका (नारायणहिटीको पश्चिम ढोका, जहाँ राहदानी विभाग छ ।)*

*नयाँ युगबोध (सौगात) २०७१ कार्तिक २९ सनिबारमा प्रकाशित रातोपाटी डट कम (अनलाइन पेपर) २०७१ मंसिर मा प्रकशित नेपाल प्रज्ञा प्रतष्ठिानद्वारा प्रकाशित कविता पूर्णङ्क १००, पुस-चैत २०७१ मा प्रकाशित । नेपाल प्रज्ञा प्रतष्ठिान र गैर आवासीय नेपाल संघको संयुक्त आयोजनामा सम्मपन्न कविता महोत्सव २०७२ असोज २२ मा वाचित ।*


## सूचना

राष्ट्रिय क्रान्तिकारी बुद्धिजीवी मञ्च नेपालको प्रकाशन विभागद्वारा प्रकाशित भएको विचारप्रधान त्रैमासिक

**'वर्गबोध'**

बजारमा उपलब्ध छ, आफ्नौ प्रति बेलैमा सुरक्षित गरौं ।

**प्रकाशन विभाग**

**वर्गबोध त्रैमासिक**

## असफल...

यही जिल्लाबाट प्राप्त गर्ने वातावरण बनाइदेऊ, कतिपयले बसोवास गरेको ठाउँको लालपुर्जा देउ त कतिपय युवा युवतीले हामीलाई जागीर देउ अनि पछि मात्र भोट दिन्छौं समेत भने ।

१२. अधिकांश जनताले भोट माग्ने बेलामा नमस्कार गर्न आउँछौं अघि पछि फर्केर पनि हेर्दैनौ । हामीलाई यो चुनावकै बेला यो नमस्कार किन चाहियो ? अघि अघिका नेताहरु जस्तै तपाईहरु पनि जितिपछि हामी जनताको दैलामा नफर्कने होला । यसपाली हामीले कसैलाई पनि भोट नदिने सल्लाह गरेका छौं भन्ने प्रतिक्रिया पनि निकै बलशाली देखिन्थ्यो ।

१३. कसैले हामी भोट माग्न आयौं भन्दा माग्ने अधिकार हो, आउनभयो खुसी लाग्यो । भोट कहाँ दिने भनेर अलमलमा थियौं नयाँ र सिद्धान्त निष्ठ पार्टी आयो यसैमा मतदान गर्छौं भन्ने प्रतिक्रिया पनि सुन्न पाइयो ।

१४. रत्ननगर नगरपालिका, पिठुवा, डुम्रिचोकमा एक निम्न मध्यम वर्गीय गर्भवती महिलाले मलाई जसले सुत्केरी खर्च दिन्छ उसैलाई भोट दिन्छु भनेर यो संसदीय चुनावको धज्जी उडाइन् ।

१५. कतिले यो लोकतन्त्र नै होइन । यदि लोकतान्त्रिक चुनावमा त विशुद्ध पार्टीका विचार सिद्धान्तका आधारमा मतदान हुन्थ्यो । यहाँ त करोडौं पैसाको चलखेल भएको छ । यिनै संसदीय व्यवस्थाका ठेकेदारहरुले यो व्यवस्थालाई पोलेर खाए भन्ने प्रतिक्रिया पनि व्यक्त भयो ।

१६. खैरहनी नगरपालिकाको वहेरी गाउँमा एकजना चौधरी महिलालाई घरको ज्यादति गरिएको रहेछ । जनयुद्धकालमा उनलाई मैले न्याय दिलाइदिएको कुरा मैले भुलेको रहेछु । मलाई देख्ने वित्तिकै उनले आँखाबाट आँसु झार्दै मलाई तपाईले न्याय दिएर मेरो जीवन रक्षा गरिदिनु भयो म तपाईलाई भोट दिन्छु भन्नि् । त्यस्तै कतिले मैले देखीदेखी यही अवस्थामा छसु पार्टीमा दुःख गरेको छसु । यसपाली तँलाई भोट दिन्छौं र अरुलाई पनि दिनको लागि वातावरण बनाउछौं भने । त्यस्तै जनयुद्धकालमा न्याय दिएका जनताहरुले बल्ल भोट दिएर ऋँ तिर्न पाइयो भन्ने खालका प्रतिक्रिया पनि पाइयो ।

१७. हुन हामीले देश र जनताको लागि जति सक्यौं राम्रो गऱ्यौं । देश र जनतालाई कुभलो हुने काम गरेका थिएनौं । यस कारण हामीलाई कुनै प्रकारको असुरक्षा त थिएन । तर सिखो नेपाली जनताको रगत पसिनाबाट जम्मा भएको ढुकुटीबाट तलब खाएको र सुरक्षाको जिम्मा लिएको सुरक्षा निकायले हाम्रो विषयमा एक शब्द पनि चासो देखाएन । त्यस्तै यो देशको संचार क्षेत्रले पनि साना पार्टीका उम्मेदवारहरुसँग पनि विचार होला लक्ष्य, उद्देश्य होला भन्ने सोचेनन् र हामीलाई कुनै किसिमको चासो सोधपुछ गरेनन् । उनै ठुला दलका भ्रष्टचारी देशमा प्राकृतिक सम्पदा विदेशीलाई सुम्पने राष्ट्रघातीहरुको पूजा गर्ने काम गरे ।

यसरी यी जनतामा देखा परेका विचार र अभिमत माथि विचार गर्दा यो संसदीय व्यवस्था हाम्रो देश नेपालमा पूर्णरुपमा असफल सिद्ध भइसकेको पुष्टि हुन आउँछ । यसबाट नेपाल र नेपाली जनताको संकटको समाधान हुने कुनै सम्भावना देखिदैन र यसको विकल्प खोज्नु जरुरी छ । श्रमजिवी परिवर्तनकर्मी क्रान्तिकारी नेपाली जनताले यसको विकल्प दिन सक्नु पर्दछ । यसकारण अब सबै नेपाली जनताले सोच्नु पर्ने बेला आइसकेको छ । जनगणतन्त्र हुँदै समाजवादी व्यवस्थाले मात्रै नेपाल र नेपाली जनताको समस्या समाधान हुन सक्ने भएकोले सचेततापुर्वक आमूल परिवर्तनका लागि सबै श्रमजिवी नेपाली जनता संगठित हुदै उक्त दिशामा अगाडी बढ्नुको अर्को विकल्प छैन ।

## कम्युनिष्ट...

संचालन गर्दै र विश्वस्तरमा नै महान् बहस संचालन गरेर मार्क्सवाद लेनिनवादको प्रयोग रक्षा र विकास गर्ने क्रममा कमरेड माओले चीनमा दश वर्षसम्म महान् सर्वहारा साँस्कृतिक क्रान्ति संचालन गरेर सर्वहारावर्गको अधिनायकत्व अन्तर्गत निरन्तर क्रान्तिको सिद्धान्त प्रतिपादन गर्दै मार्क्सवाद–लेनिनवादलाई तेस्रो र नयाँ चरणमा विकास गर्ने क्रममा माओवादको अनुसन्धान गरेर मार्क्सवाद–लेनिनवादलाई समृद्ध तुल्याउने कार्यमा महत्वपूर्ण योगदान पुऱ्याउनु भयो ।

नेपालमा पनि दक्षिणपन्थी संशोधनवाद र नवसंशोधनवाद तथा संसदवादका विरुद्ध भीषण दुईलाइन संघर्ष संचालन गर्दै क्रान्तिकारी विचारको रक्षा, प्रयोग र विकास गर्ने कार्यमा क्रान्तिकारी माओवादी कम्युनिष्टहरुले अग्रणीको भूमिका निर्वाह गर्दै आइरहेका छन् र आज नेपालको दक्षिणपन्थी संशोधनवाद तथा नवसंशोधनवाद प्रतिक्रियावादमा पतन हुन पुगेको अवस्था छ ।

मार्क्सवादको रक्षा, प्रयोग र विकासको प्रश्न ज्यादै जटिल प्रश्न हो । यसलाई विचारको विकास गरेर मात्र रक्षा गर्न र विकास गर्न सकिन्छ । त्यसो भएर फ्रेडरिक एँगेल्सले भन्नु भएको छ, –"सर्वहारावर्गको विकास जहाकही पनि आन्तरिक संघर्षको बीचबाट नै अगाडि बढ्छ, जस्तो कि मार्क्स र म आफैले पनि अरु कसैसँग भन्दा बढि नक्कली समाजवादीहरू विरुद्ध जीवनमा कठिन लडाई लडेका थियौं ।"

यस महत्वपूर्ण पुस्तकको अन्त्यमा मार्क्सका अनन्य मित्र तथा सहयोगी फ्रेडरिक एँगेल्सद्वारा लेखिएको र २३ वटा प्रश्नोत्तरमा रहेको 'साम्यवादका सिद्धान्तहरू' भन्ने कृति समावेश गरिएको छ । यो कृति संघको कार्यक्रमको मस्यौदा हो जुन फ्रेडरिक एँगेल्सले पेरिसमा कम्युनिष्ट संघको प्रादेशिक समितिको आदेशअनुसार लेख्नुभएको थियो । यसलाई प्रारम्भिक मस्यौदाको रूपमा विचार गर्दै एँगेल्सले मार्क्सलाई सन् १८४७ को २३–२४ नोभेम्बरका दिन लेख्नुभएको प्रश्नोत्तरीको रूप बहिस्कार गर्ने र कम्युनिष्ट घोषणाको रूपमा कम्युनिष्ट संघको कार्यक्रम तयार पार्ने सुझाव दिनुभयो । कम्युनिष्ट संघको दोस्रो काँग्रेस (२९ नोभेम्बर–८ दिसम्बर) मा मार्क्स र एँगेल्सका दृष्टिकोणहरूको पूर्ण अनुमोदन गरियो । उहाँहरूलाई संघको कार्यक्रम 'कम्युनिष्ट पार्टीको घोषणापत्र' तर्जुमा गर्ने कार्यभार सुम्पियो । मार्क्सवादका प्रवर्तकहरूले 'घोषणा' लेखिँदा 'साम्यवादका सिद्धान्तहरू'मा प्रस्तुत गरिएका धेरै प्रस्थापनाहरूको उपयोग गर्नुभएको थियो ।

'साम्यवादका सिद्धान्तहरू' मा एँगेल्सले सैद्धान्तिक रूपमा सर्वहारा पार्टीका केही महत्वपूर्ण कार्यक्रमसम्बन्धी र कार्यनीतिसम्बन्धी सिद्धान्तहरूको आधार प्रस्तुत गर्नुभयो र ती कदमहरूतर्फ औंल्याउनुभयो जसलाई कार्यान्वित गरेर सत्ता विजय गर्ने सर्वहारावर्गले पुँजीवादबाट समाजवादतर्फ संक्रमणको तयारी गर्दछ भन्ने रहेको छ र यसमा सोधिएका २३ वटा प्रश्नहरू यस प्रकार रहेका छन् :

१) साम्यवाद भनेको के हो ?
२) सर्वहारावर्ग भनेको के हो ?
३) के त्यसो भए सर्वहारावर्ग सदैव अस्तित्वमा थिएन त ?
४) सर्वहारावर्गको प्रँदुर्भाव कसरी भयो ?
५) के कस्ता अवस्थाहरूमा पुँजीजीवीलाई सर्वहाराहरूले श्रम विक्री गर्दछन् ?
६) औद्योगिक क्रान्ति भन्दा पहिले के कस्ता श्रमिकवर्गहरू अस्तित्वमा थिए ?
७) दास र सर्वहारावर्गको बीचमा के अन्तर छ ?
८) भूदास र सर्वहाराको बीचमा के अन्तर छ ?
९) शिल्पकार र सर्वहाराबीचमा के अन्तर छ ?
१०) कारखानाको मजदुर र सर्वहाराको बीचमा के अन्तर छ ?
११) औद्योगिक क्रान्ति र पुँजीजीवीहरू तथा सर्वहाराहरूमा समाजको विभाजनद्वारा के कस्ता तात्कालिक परिणामहरू निस्केका थिए ?
१२) औद्योगिक क्रान्तिका भावी परिणामहरू के कस्ता थिए ?
१३) निरन्तर दोहोरिइरहने यस्ता व्यापारिक संकटहरूको नतिजा के हुन्छ ?
१४) यो नयाँ सामाजिक व्यवस्था कस्तो हुनुपर्दछ ?
१५) त्यसो हो भने के व्यक्तिगत स्वामित्वको उन्मूलन पहिले असम्भव थियो त ?
१६) के शान्तिपूर्ण तरिकाले व्यक्तिगत स्वामित्वको उन्मूलन गर्न सकिन्छ ?
१७) के व्यक्तिगत स्वामित्वलाई तुरुन्तै निर्मूल पार्न सकिन्छ र ?
१८) यस क्रान्तिको गतिविधि कस्तो हुनेछ ?
१९) के यो क्रान्ति कुनै एउटा देशमा सम्पन्न हुन सक्दछ ?
२०) व्यक्तिगत स्वामित्वको पूर्ण उन्मूलनका परिणामहरू के कस्ता हुनेछन् ?
२१) साम्यवादी सामाजिक व्यवस्थाले परिवारमाथि कस्तो असर पार्दछ ?
२२) विद्यमान जनजातिहरूप्रति साम्यवादी व्यवस्थाले कस्तो व्यवहार गर्नेछ ?
२३) विद्यमान धर्महरूप्रति त्यसको व्यावहार कस्तो हुनेछ ?

(कम्युनिष्ट पार्टीको घोषणापत्र, मार्क्स–एँगेल्स, प्रकाशक प्रगति पुस्तक सदन बागबजार, काठमाडौं । २०६४ साउन, पृ. ६०–७८)

यी प्रश्नहरूको उत्तर यो सानो लेखमा प्रस्तुत गर्न सम्भव छैन । स्वयम पुस्तक लिएर अध्ययन गर्नु पर्ने हुन्छ । आज कम्युनिष्ट घोषणापत्र जारी भएको १७० वर्ष पुरा भएको छ । र यसको महत्व र सान्दर्भिकता अझै बढेर गएको छ र यो निरन्तर अगाडी बढ्ने छ ।

अन्त्यमा विश्वमा दुइवटा समाजवाद छन्, काल्पनिक समाजवाद र वैज्ञानिक समाजवाद, बुर्जुवा समाजवाद र जो पुँजीपति वर्गको अधिनायकत्व अन्तर्गत संचालित हुन्छ भने अर्को वैज्ञानिक समाजवाद जो सर्वहारावर्गको अधिनायकत्व अन्तर्गत सञ्चालन गरिने समाजवाद ।

मार्क्स–एँगेल्सद्वारा सन् १८४८ फेब्रुअरी १२ तारिखका दिन लण्डनबाट घोषणा गरिएको "कम्युनिष्ट घोषणापत्र" मा व्याख्या गरिएको समाजवाद वैज्ञानिक समाजवाद हो जो सर्वहाराहरुको अधिनायकत्व अन्तर्गत एवं संचालित गरिने राज्य व्यवस्था हो । जो मानव समाजको अन्तिम वर्गीय राज्य व्यवस्था पनि हो । किन कि त्यस पछि आउने राज्य व्यवस्था भनेको वैज्ञानिक साम्यवाद त्यति बेला वर्गहरुको अन्त्य भएर वर्गहीन र राज्यविहीन समाज व्यवस्था काम भएको हुनेछ । मार्क्सवादी दर्शनको द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवाद राज्य सम्बन्धि अन्तिम संश्लेषण पनि यही नै हो ।

## क्रान्तिकारी...

गर्नुभयो र भन्नुभयो, 'सर्वहारावर्ग तथा क्रान्तिकारी शक्तिको आफ्नै मिडिया नभईकन जनतामा सही विचार तथा सूचनाको सम्प्रेषण गर्न सकिन्न । वर्तमान सूचना भूमण्डलीकृत साम्राज्यवादको दुनियाँमा अत्याधुनिक सूचना प्रविधिले युक्त आफ्नै संचारमाध्यमको विकास नगरी सर्वहारावर्गले क्रान्तिको प्रक्रिया अगाडि बढाउन सक्दैन । सूचना प्रविधि क्रान्तिका अभिन्न अंग पनि हुन्, अस्त्र पनि हुन् ।'

अग्रज पत्रकार रामचन्द्र हुमागाईको अध्यक्षतामा भएको उक्त कार्यक्रममा प्रशिक्षकको तर्फबाट केदारनाथ गौतमले पत्रकारिताको आधारभूत ज्ञानविनै आफूलाई पत्रकार हुँ भनेहरुको कमी नरहेको चर्चा गर्दै दुईदिने पत्रकारिता तालिमको आधारमा चासो र जिज्ञासा राखेर निरन्तर अभ्यास गरे राम्रो पत्रकार बन्न सकिने धारणा राख्नुभयो ।

पत्रकार रनसुर महतराले संचालन गरेको उक्त समापन कार्यक्रममा क्रान्तिकारी पत्रकार महासंघका केन्द्रीय सल्लाहकार गोर्की श्रेष्ठले क्रान्तिकारी माओवादी सम्बद्ध व्यक्तिहरुले चलाएका मिडियाहरुको पनि एउटा नेटवर्क बनाएर जानुपर्ने धारणा राख्नुभएको थियो । कार्यक्रममा नेकपा (क्रान्तिकारी माओवादी)का पोलिटव्यूरो सदस्य तथा ३ नं. प्रदेश पार्टीसचिव दिनेश शर्मा'सागर', पार्टी केस हरिकृष्ण गजुरेललगायतका नेताहरुको उपस्थिति रहेको थियो ।

दुई दिने आधारभूत पत्रकारिता तालिममा ३ नं. प्रदेशका मकवानपुर, सिन्धुली, सिन्धुपाल्चोक, रामेछाप, ललितपुर, काठमाडौं लगायतका जिल्लाहरुबाट तालिममा प्रशिक्षार्थीहरुको सहभागिता रहेको थियो । पत्रकारद्वय केदारनाथ गौतम र विधुर ढकालले प्रशिक्षकको रुपमा प्रशिक्षार्थीहरुलाई प्रशिक्षण दिनुभएको थियो । समापन कार्यक्रममा आयोजक संगठन क्रान्तिकारी पत्रकार महासंघको ३ नं. प्रदेशले प्रशिक्षार्थीहरुलाई प्रमाणपत्र र प्रशिक्षकहरुलाई धन्यवादसहितको आभार पत्र प्रदान गरेको थियो । क्रान्तिकारी पत्रकार महासंघले ७ वटै प्रदेशमा यस्तो प्रशिक्षण सञ्चालन गर्ने जनाएको छ ।

## किरणले...

आक्रमण जनयुद्ध लडेका सबै नेता कार्यकर्तामाथिको आक्रमण हो । मैले न्याय नपाउनु भनेको जनयुद्धले, जनयुद्धका सहिद, वेपत्ता योद्धाहरुले न्याय नपाउनु हो । जनयुद्धको एउटा पहलकर्ता र नेतृत्वमध्येको एक र अहिले पनि क्रान्तिकारी धारको नेतृत्व गरेर अगाडि बढिरहनु हैसियतले तपाई र तपाईको पार्टीले जनयुद्ध, सहिद, वेपत्ता योद्धाहरुलाई न्याय दिलाउने काम गर्नुपर्छ ।'

जवाफमा महासचिव किरणले जनयुद्धकालीन मुद्दा राजनीतिक भएकोले यसलाई राजनीतिक रुपमा नै हल गर्नुपर्नेमा जनयुद्धकै नेतृत्व गरेको पछि सरकारमा छँदा जनयुद्धको एउटा सिपाही जेल पर्नु विडम्बनापूर्ण अवस्था रहेको भन्दै ढुँगेललाई जेलमुक्त गर्न पार्टीको तर्फबाट दबाबमूलक भूमिका खेल्ने कुरा बताउनुभयो । जनयुद्ध, सहिद तथा वेपत्ता योद्धामाथिको वास्तविक न्यायका निम्ति फेरि पनि नयाँ जनवादी क्रान्ति गर्नु अपरिहार्य रहेको भन्दै महासचिव किरणले जनताको गणतन्त्रमा मात्रै जनयुद्ध, सहिद र वेपत्तायोद्धाले न्याय पाउन सक्ने विचार राख्नुभयो । त्यसका लागि छरिएर रहेका क्रान्तिकारी एकीकृत र केन्द्रकृत भएर जनवादी क्रान्तिको प्रक्रियामा अगाडि बढ्नु पर्ने आवश्यकता औल्याउनु भयो ।

अहिले पनि क्रान्ति र परिवर्तनको पक्षमा जेलभित्रबाट लडिरहनु भएको भन्दै ढुँगेललाई महासचिव किरणले धन्यवाद समेत दिनुभएको थियो । महासचिव किरण र ढुँगेलबीच ३ बजेदेखि साढे ४ बजेसम्म कुराकानी भएको थियो ।



माघ २४ देखि फागुन १ गते सम्मको दुर्वाच्य

रामचन्द्र हुमागाई



# पशुपतिको भेटी पनि नछाड्ने !

**माघ २४ गते ।** देश गणतान्त्रिक भैसक्यो, तैपनि बालबालिकाहरू विद्यालय जान छाडेर जंगलमा खोटो संकलन गर्न, यार्सा टिप्न र अनेक घरकाजमा दिन बिताउँन वाध्य छन् भने यता मन्त्रीहरू, 'सम्पूर्ण वालवालिकाले विद्यालय जाने अधिकार प्रयोग गर्न पाउनुपर्छ' भन्दै आदर्शवादी भाषण छाटिरहेका छन् । त्यसो हो भने बालबालिकालाई विद्यालय पुऱ्याउने जिम्मेवारी कसको त ? यो प्रश्न नेपाली समाजमाथि गम्भीर भएर खडाभएको छ । सरकार र कुर्सीमा बसेकाहरूले भनेर मात्रै पूरा नहुने नेपाली समाजको विद्यमान समस्यामध्येको यो एउटा समस्या हो, आगामी वाम भनिने सरकारले पनि यो प्रश्नमाथि ध्यान दिएन भने नेपाली समाज कहिल्यै साक्षर हुँदैन, फेरि थप रगत बगाउनुपर्ने हुन्छ ।

**माघ २५ गते ।** 'नेपाल प्रहरीले, जनता–प्रहरी साथीसाथी हौं, त्यसैले मुस्कानसहितको सेवा प्रहरीले सुरू गरेको छ' भनेको दुई वर्ष पनि नबित्तै दरवारमार्ग जस्तो समवेदनशील र सुरक्षित भएका ठाउँहरूमा बलात्कार भएका केही घटना बाहिर आएका छन् । कतिपय घटना सामाजिक सवालका कारण बाहिर आउन सकेका छैनन् । के लोकतन्त्र र गणतन्त्र सांगठनिक अपराधका लागि ल्याइएको हो ? यसका लागि जीवन आहुति दिने तर लोभ र लाभको पद नचाहने लाखौं योद्धाहरू चिन्तित भएको पाइएको छ है, निरंकुश दरबारहरू तोड्ने यो समूह लालची आँगनमा पनि उभिएला ।

**माघ २६ गते ।** राष्ट्रपति विद्यादेवी भण्डारी र उपराष्ट्रपति नन्दकिशोर पुनलाई फेरि दोहोरिने इच्छाशक्ति रहेको कुरा सार्वजनिक भएको छ । यो देश अरू निकै वर्ष योद्धाहरूको हुल बोकेर बाँच्नुपर्ने अवस्थामा छ, त्यसैले सकिन्छ भने यो सेरेमानियल पदले धेरैलाई सुशोभित गर्नुपर्ने हुन्छ । त्यसैले भूपू भएर बस्ने परिस्थितिलाई पनि स्वीकार गर्ने कि ? कि कसो हो !

**माघ २७ गते ।** प्रधानमन्त्री शेरबहादुर देउवा निर्वाचन अगाडि, 'म अरु दुईपटक प्रधानमन्त्री हुन्छु' भन्थे । आखिर उनको सुरु अर्कै रहेछ र पो त्यसो भनेका रहेछन् । राजनीतिक समस्या अलिक कम भएकाले अहिले नेपालका जेलहरूमा राजबन्दीहरू निकै कम छन् । तिनै जेलमा थपिन उनलाई निकै रहर छ रे, त्यसैले छ सरकारी ढुकुटीबाट चरालाई चारा बाँडेझैं आसचपु बाँडिरहेका छन् । आगामी सरकारले कारवाही नगरे पनि जनताले कारवाही गर्नैपर्छ, होसियार नेपाली जनता ।

**माघ २८ गते ।** 'चिनियाँ रेल नेपाल आउला र रेल चढ्ने धोको मेटौंला' भनेर खुड्डा उचालिरहेका नेपाली जनताले अरु ५/६ वर्ष खुड्डा उचालेको उचाल्यै हुनुपर्ने भएको छ । चीनले भर्खरै सिगात्से–केरुङ रेलमार्ग सुरु गर्दैछ जुन नेपाल आउने सजिलो र छोटो रुट नै यही हो । यसको लम्वाइ ५४० कि.मि. छ । केरुङ रेल आएपछि बल्ल नेपालको भाग सुरु हुन्छ, कुरुङबाट काठमाडौं आउन सिन् २०२२ लाई कुर्नुपर्छ । तर, भारततर्फको रेल जयनगरदेखि जनकपुरसम्म पट्टा विच्छ्याउँने काम भैसकेको छ । त्यो पटरीमा कुद्ने रेलको डिब्वाको अत्तोपत्तो अहिलेसम्म छैन । मनिन्छ, पटरी बिच्छ्याउने काम भारतको भए पनि डिब्वाको तयारी गर्ने जिम्मा नेपालकै हो ।

**माघ २९ गते ।** पछिल्लो संसदीय निर्वाचनको पछिल्लो राष्ट्रियसभाको निर्वाचन हिजोबाट सम्पन्न भएको छ । बाहिर खसीको टाउको देखाए भित्र कुकुरको मासु बेच्ने यो व्यवस्थामा यतिवेला दक्षिणपन्थी खोल खोडेर उत्तरको झोल पिउनेदेखि वामपन्थी खोल ओढेर दक्षिणको झोलमा डुबेकासम्मले बाजिमारेका छन् । हेरौं बाजिमात्रै मार्ने हुन कि शिकार पनि गर्छन्, समय आउँदै छ ।

**फागुन १ गते ।** धर्म र राजनीतिको नाममा पशुपतिको भेटी पनि लुकाएर खादै आएका पूर्वपञ्च (नेता ?) कमल थापालाई प्रदेश नं. ३ को नाम 'पशुपति क्षेत्र' राख्नुपऱ्यो अरे ! के कारण होला, संघीयतामा पनि पशुपतिको नाम राख्नुपर्ने कारण भनेर खोज्दै हिडेको त त्यहाँ दैनिक उड्ने भेटी नै पो रहेछ त, हेर कस्तो लोभ, पशुपतिको भेटी पनि नछोड्ने ।


आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस् ।

मितेरी यातायात एण्ड अटो प्रा.लि.

प्रधान कार्यालय : कलंकी, काठमाडौं
फोन नं. : ०१-४२७०७०४, ४२७६३८१
तेह्रथुम सम्पर्क : डिल्लाराम रेग्मी (९८५२०६०२५४)
फोन नं. : ०२६-४६०२५४
कृपया, टिकट र रिजर्भका लागि हामीलाई सम्झनुहोस् ।

आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस् ।
नारायणी यातायात व्यवसायी संघद्वारा संचालित
टाटा सुमो सेवा
काठमाडौंबाट- हेटौडा, वीरगंज, चपुर, निजगढ, रतनपुर
फोन नं. : ०१-५१८७२५६
बल्खु, काठमाडौं ।

रोयल बुईपा A/C जम्बो हाईस

गाईघाट-लहान-खुर्कोट हुँदै काठमाडौंसम्म

काठमाडौं सम्पर्क नम्बर
बसन्त खड्का - ९८४२८३७७९३
- ९८१७७१९६९७
ईन्द्र कट्टेल - ९८१८४१५२९०

गाईघाट सम्पर्क नम्बर
फोन नं. ०३५-४२१६४३
पुरुषोत्तम खनाल - ९८५२८३५६९०
- ९८१५७८४८७४

दैनिक दिवा सेवा तथा आरामदायी र भरपर्दो यात्राको लागि हामीलाई सम्झनुहोस् ।

हिमाल-तराई यातायात सेवा समिति

रिभर्ज चाहिएमा सम्पर्क
सानोभाई थापा - ९८४४२५२३८५

सानोभाई फलफूल एण्ड जुस भण्डार
सिन्धुली जुनार भवन
९८४४०७६२६१
९८०३९२८४३०

टाटासुमो बोलेरो
काठमाडौं फोन
०१-५१००४९४
९८४११०६९६७
९८४४४०३१५९
यहाँ सिन्धुलीबाट धुलिखेल, बनेपा हुँदै कोटेश्वर, चाबहिलसम्मको टिकट पाइन्छ ।

सिन्धुली फोन
०४७-५२११६९
०४७-६९१३३२
९७४४०२२७३५
९८४४२५२३८५
९८१२०७५६९८
९८६०१०२७३७
९८४४००८४००

## आलोपालो

# नेताका अभिभाराहरू



● चाउ एन लाई ●

*कामरेड माओ चतुङ के भन्नुहुन्छ भने कार्यकर्ताहरुको राम्रो प्रयोग गर्नु र नीति कार्यान्वित गर्नु नेताका अभिभाराहरु हुन् । यो साँचो हो । तिनलाई टुक्रयाउँदा ती निम्न प्रकारका हुन्छन्:*

*क) नेतृत्वदायी कार्यकर्ताहरुले विचारधारात्मक र राजनीतिक नेतृत्वप्रति निकट ध्यान दिनुपर्छ । यसको निम्ति उनीहरुले निरन्तर रुपमा आफ्नो विचारधारात्मक स्तर उठाउनु र आफ्नो राजनीतिक प्रशिक्षणलाई बलियो पार्नुपर्छ । हामी के माग गर्छौं भने हाम्रा कार्यकर्ताहरुले निम्न कुराहरुमा आफ्नो ध्यानलाई केन्द्रित पारुन् :*

*१) महत्वपूर्ण कुरोमा जोड दिनु ।*

*२) राजनीतिक चनाखोपनलाई तिखार्नु ।*

*३) आफ्नो सैद्धान्तिक स्तर उठाउनु ।*

*४) पार्टीभित्र र बाहिर विचारधारात्मक संघर्षलाई तीब्र पार्नु, र*

*५) पार्टीका नीति र उपलब्धिहरुलाई सक्रिय रुपमा जनतामा प्रचार गर्नु ।*

*ख) नेतृत्वदायी कार्यकताहरुले संगठनात्मक नेतृत्वप्रति राम्रो ध्यान दिनुपर्छ । राजनीतिक कार्यदिशाको प्रतिपादन भएपछि,संगठनात्मक कामले सव कुराको फैसला गर्छ । हामी तलका कुराहरुप्रति आफ्ना कामरेडहरुको ध्यान आकृष्ट गर्छौं :*

*१) संगठनात्मक नेतृत्वलाई राजनीतिक नेतृत्वको स्तरसम्म उठाइनु पर्छ, अर्को शब्दमा भन्ने हो भने, सबै खालको कामलाई सैद्धान्तिक आधारमा राख्नुपर्छ,*

*२) सारा संगठनात्मक तथा दैनिक कार्यले पार्टीका राजनीतिक अभिभाराहरुको परिपुर्तिलाई र त्यसको कार्य योजनाको सिद्धिकरणलाई सुनिश्चित पार्ने काम गर्नुपर्छ ।*

*३) पार्टीको दैनिक नेतृत्वलाई महत्व दिइनुपर्छ, जसले गर्दा पार्टी संगठनहरु तलसम्म घनिष्ठ रहन्छन् र तिनीहरुको काम अझ बढी ठोस बन्छ ।*

*४) सारा अप्ठ्याराहरुलाई हटाउनका लागि पार्टी संगठनहरु र जनसाधारणहरुलाई संचालित गरिनुपर्छ ।*

*५) हामीले सबै खालको अवसरवाद जस्तो कि लापरवाही, ब्यर्थको बकवाद, हठीपन, नोकरशाही, औपचारिकतावाद, र लालफित्ते रुटिनवाद, भ्रष्टाचार, पतन, आदिको विरोध गर्नुपर्छ ।*

*ग) कार्यकर्ताहरु छान्नमा र कामको जिम्मा लगाउनमा विवेकको प्रयोग गरिनुपर्छ । यो पनि संगठनात्मक कार्यको हिस्सा हो, तर यसलाई छुट्टै रुपमा गर्न सकिन्छ । राजनीतिक योग्यता र कार्य क्षमता दुवै कार्यकर्ताहरुको चयनमा अपरिहार्य कसी हुन्, तर राजनीतिक विश्वासयोग्यता प्राथमिक रहन्छ । एकपल्ट स्टालिनले मानिसहरुले सिद्धान्तअनुसार नियुक्ति नगरिदिंदा पार्टीलाई भएको हानीतर्फ औंल्याउनुभएको थियो । उहाँले के भन्नुभयो भने यस्ता मानिसहरु जहाँ गए पनि तिनको पछाडि "चाकडीबाजहरु"को ठूलो भीड लाग्छ र उनीहरुले आफूलाई "आफ्नै" मान्छेजस्तो लागेकाहरुलाई मात्र नियुक्ति दिन्छन् ।*

*शुद्धीकरण आन्दोलनबारे आफ्नो एउटा प्रतिवेदनमा कामरेड माओत्सेतुङले पनि "बेइमान" भएकोमा यस्ता मानिसहरुको आलोचना गर्नुभएको छ । त्यो "जहाँतहीं दौडाहामा जाने साम्राजी दूतहरु" को कमजोरी हो । कार्यकर्ता राजनीतिक दृष्टिले विश्वासयोग्य भए पनि उसलाई (समय, ठाउँ र स्थिति हेरेर) उचित ढंगबाट प्रयोग गर्नु महत्वपूर्ण छ ।*

*घ) कामको समीक्षा हुनुपर्छ । कार्यकर्ताहरुको काम र कार्ययोजनाको कार्यान्वियनको समीक्षा हुनुपर्छ । स्टालिनको भनाइअनुसार, समीक्षाका उद्देश्यहरु यी हुन् : पहिलो, कार्यकर्ताहरुको योग्यता जान्नु, दोस्रो, कार्यकारिणी यन्त्रका गुण-अवगुणहरुलाई निर्धारित गर्नु, र तेस्रो, प्रस्तुत अभिभारा वा निर्देशनहरुका गुण र दोषहरुलाई निर्धारित गर्नु । .. कोही नेताहरु के ठान्छन् भने, यस खालको समीक्षाले उनीहरुका आफ्ना कमजोरीहरुको पर्दाफास गरेर उनीहरुको प्रतिष्ठालाई धमिल्याउनु वा उनीहरुको आत्मविश्वासलाई धर्मराउनु सम्भव छ । यो गलत कुरा हो । आफ्ना गल्तीहरुलाई ढाकछोप गरेर होइन, बरु तिनलाई 'सच्याएर' र फाइँफुट्टी र घमण्ड गरेर होइन, बरु आफूलाई कठिन काममा लगाएर नेताहरु आफ्नो प्रतिष्ठालाई उठाउँछन् । गल्तीहरु सच्याउँदा विश्वास कमजोर हुँदैन, बरु बलियो मात्र हुनेछ । घमण्डी र लाज बचाउन चाहने मानिसहरु मात्र गल्तीको पर्दाफास होला भनी डराउँछन् ।*

*ङ) जनताको बीचमा जाऊ । नेताले जनसाधारणलाई सिकाउने मात्र होइन, उनीहरुबाट सिक्नु पनि पर्छ । कारण के भने नेताहरुको आफ्नै ज्ञान अधुरो हुन्छ र उनीहरुको अनुभव अपर्याप्त रहन्छ । नेतृत्वदायी स्थान आफैले ज्ञान र अनुभव दिन सक्दैन । त्यसैले जनतामा गएर उनीहरुबाट अनुभव लिनु आवश्यक छ । हामी के माग गर्छौं भने १. कामरेडहरु जनताको निकट रहून्, उनीहरुसित सम्पर्क राखून् र केही हदसम्म उनीहरुसित एक होऊन्, २. उनीहरुले जनआवाजप्रति ध्यान दिऊन्, ३. तिनीहरुबाट सिकून्, र ४. तिनीहरुको पिछ्लग्गू बन्नुको सट्टामा तिनीहरुलाई शिक्षित पारुन् । (अनुः कृष्णदास श्रेष्ठ)*

## शाखा माग गर्दै क्रान्तिकारी महासंघलगायतका संगठनले पत्रकार महासंघमा लगाए ताला

● वर्गदृष्टि संवाददाता

परासी । नेपाल पत्रकार महासंघ नवलपरासीलाई नवलपरासी र नवलपुर शाखा गरी छुट्टाछुट्टै बनाउनुपर्ने माग गर्दै क्रान्तिकारी पत्रकार महासंघ सहितका पेशागत संगठनले सोमवार परासीको महासंघ कार्यालयमा तालाबन्दी गरेका छन् ।

जिल्ला दुईवटा प्रदेशमा विभाजित भएपनि जिल्ला महासंघले एकलौटी गरी एउटै महासंघ बनाउन चलखेल गरेको भन्दै जिल्लामा क्रियाशिल चारवटा बामपन्थी पार्टी समर्थित पत्रकार संघसंगठनले महासंघमा तालावन्दी गरेका हुन । यस अघि ४२ जना महासंघ सदस्यहरुले हस्ताक्षर संकलन गरी प्रदेश नम्बर पांचमा छुट्टै नवलपरासी शाखा गठन हुनुपर्ने माग गर्दै ज्ञापनपत्र बुझाउदै संर्घष गर्दै आएका थिए ।

### देशै भरी .....

सरस्वती विक, सुनिता चौधरी, प्रमिला चौधरी सहित १ सदस्य पछि थप्ने गरी ८ सदस्यीय समिति गठन गरिएको थियो ।

यस्तै माघ २७ गते नै क्रान्तिकारी युवा लिग, नेपाल (आरवाइएल)को मोरङ बेलबारी नगरपालिकामा रोशन गरुङको अध्यक्षतामा १३ सदस्यीय नगर कमिटि भेलाका बीचमा गठन गरिएको छ । लिगका सचिवालय सदस्य ज्ञानु खतिवडाको प्रमुख आथित्यतामा १ नं. प्रदेश सदस्यीय कुल बहादुर श्रेष्ठको उपस्थितिमा भेला सम्पन्न भयो । समितिमा सहसंयोजक नीरज राई, सविच किस्मत थापा, सहसचिव विदुर कटुवाल, कोषाध्यक्षः सुजन तामाङ, सदस्यहरु गोविन्द मगर, अमित परियार, जगत कटुवाल रहेका छन् ।

### देशै भरी जनयुद्ध .....

यसैबीच ४ नं. प्रदेशको युवाहरुको भेला गएको माघ २७ गते सम्पन्न भएको छ । उत्तम थापाको संयोजकत्वमा १३ सदस्यीय ४ नं. प्रदेश समिति गठन भएको छ ।

प्रदेश ५ मा पनि जनयुद्ध दिवस भव्य रुपमा मनाउने समाचार प्राप्त भएको छ । गुल्मी जिल्लामा मोटरसाइकल ऱ्याली सहित मनाउन लागिएको छ भने अन्य जिल्लाहरुमा चियापान, अन्तरक्रिया कार्यक्रमको आयोजना गरिएको समाचार छ साथै पाल्पा जिल्लामा माघ २७ गते क्रान्तिकारी माओवादीको जिल्ला भेला सम्पन्न भएको छ । सो भेलाले तुफान सचिव रहेको १५ सदस्यीय जिल्ला कमिटि पुर्नगठन गरेको छ ।

साथै नवलपरासी, रुपन्देही र कपिलबस्तुको तीन महिने संगठन विस्तार अभियानको संयुक्त अभियान माग २ गतेबाट सुरु हुन लागि रहेको छ ।

यस्तै प्रदेश नं. ६ र ७ मा पनि अन्तरक्रिया कार्यक्रम र चियापान कार्यक्रम गरेर मनाउने तयारीमा रहेको छ ।

### क्रान्तिकारी माओवादी ....

जनयुद्ध दिवस र सहिद सप्ताहका कार्यक्रम पनि संयुक्त रुपमा मनाउने निर्णय गरेको छ । क्रान्तिकारी माओवादीका महासचिव किरण र नेकपाका महासचिव विप्लवको हस्ताक्षरमा जारी वक्तव्यमा ३ वटा बुँदामा गरिएको सहमतिलाई वक्तव्य मार्फत् सार्वजनिक गरिएको वक्तव्यको पूर्णपाठ यस्तो रहेको छ

ँहालै नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी माओवादी) र नेपाल कम्युनिस्ट पार्टीका शीर्ष नेताहरुका बीचमा उच्चस्तरीय बैठक सम्पन्न भएको छ । बैठकले निकालेका निष्कर्षहरु निम्नानुसार रहेका छन् स्

१) कथित संविधानको कार्यान्वयनको सन्दर्भमासंसदवादी दलहरुले तीनै तहका निर्वाचनद्वारा नेपालमा प्रतिक्रान्ति पुरा गर्ने धृष्टता गरी राखेका छन । राष्ट्रिय स्वाधीनता, जनतन्त्र र जनजीविकाका समस्याहरु थप गम्भीर बनेका छन् । यो स्थितिले राष्ट्रिय स्वाधीनता, जनतान्त्रिक अधिकार र सामाजिक, राजनीतिक तथा आर्थिक क्षेत्रमा आमूल परिवर्तन गर्नका लागि क्रान्तिकारी कम्युनिस्टहरुका बीचको एकता अनिवार्य आवश्यकता बन्न पुगेको छ भन्ने अघिल्लो बैठकको निष्कर्ष सही सावित भएको छ र यो प्रक्रियालाई अगाडि बढाउन छिटै आवश्यक पहल गर्ने निर्णय गरिएको छ ।

२) साम्राज्यवादी शासकहरुले आ-आफ्ना दलाल तथा भरौटेहरुको सहयोगमा नेपालमा आर्थिक, राजनीतिक तथा सांस्कृतिक हस्तक्षेप गर्दै आएका छन् । यो प्रक्रियामा मुख्यतः भारतीय शासक वर्गले १९५०को असमान सन्धि र अन्य विविध सम्झौताहरुमार्फत् नेपाली जलस्रोतमाथिको हस्तक्षेप, सीमा अतिक्रमण र व्यापारिक हस्तक्षेप बढाउँदै लगेको छ । माथिल्लो कर्णाली, अरुण ३ पुनः भारतीय ठेकेदार कम्पनीलाई सुम्पने देउवा सरकारको पछिल्लो निर्णय, बीरगञ्जको छपकैयामा भएको भारतीय सीमा अतिक्रमण, नेपाली सामानलाई भारतीय बजारमा पैठारी गर्न रोक आदि कुराले स्थितिलाई अरु गम्भीर बनाएको छ । खाद्यान्न, तरकारी लगायत उपभोग्य वस्तुको मूल्य आकासिँदो छ । बेरोजगारीका समस्या विकराल छन् र कथित संविधानले उत्पीडित वर्ग, जाति, लिङ्ग र क्षेत्रका समस्यालाई सम्बोधन गरेको छैन । यी समस्यालाई अब बन्ने भनिएको सरकारले पनि सम्बोधन गर्न सक्दैन । यो कुरा केही दिन अगाडि भारतीय परराष्ट्र मन्त्रीले नेपाल भ्रमण गरेको बेला कथित बामगठबन्धनका नेताहरुले देखाएको निकृष्ट दलालीको रवैयाबाट प्रस्ट हुन्छ । यस स्थितिमा राष्ट्रिय स्वाधीनता, जनतन्त्र र जनजीविकाका साझा समस्यालाई लिएर पहिल्यैदेखि सञ्चालन गरिँदै आएका सङ्घर्षका संयुक्त कार्यक्रमलाई थप व्यवस्थित गरी अगाडि बढाउनका लागि वामपन्थी, प्रगतिशील, जनतान्त्रिक तथा देशभक्त शक्तिहरुसित आवश्यक समझदारी बनाई संयुक्त मोर्चा निर्माणको निम्ति शीघ्र पहल गर्ने निष्कर्ष निकालिएको छ । साथै तत्काल कार्यगत एकताको पहल गरी संयुक्त संघर्षलाई अगाडि बढाउने निर्णय लिइएको छ ।

३) दुवै पार्टी र क्रान्तिकारी धुर्वीकरण एवं एकताको प्रकृयामा सहभागी हुने क्रान्तिकारीसंग आगामी जनयुद्ध दिवस र शहीद सप्ताहलाई केन्द्र र विभिन्न जिल्लाहरुमा संयुक्त रूपमा मनाउने निर्णय गरिएको छ ।

माथि उल्लेख गरिएका विषयमा सहभागिता जनाउन र सहयोग तथा समर्थन गर्नका लागि हामी श्रमिक, किसान लगायतका वर्ग र जनसमुदायलाई विशेष आह्वान गर्दछौं ।

## सिंहदरबारको...

विकराल बनेर गएका छन् । संसदवादी पार्टीका नेताहरुले चुनावअघि स्थायित्व र समृद्धिको मात्र होइन, सिंहदरबारको अधिकार गाउँ गाउँमा पुऱ्याउने नारा लगाएका थिए, सिंहदरबारको अधिकार चाहिं थाहा छैन, भ्रष्टाचार भने पक्कै पुगेको छ अहिले गाउँ गाउँमा ।'

'नेपाली भूमि मिचिदा चुँसम्म नबोल्ने संसदवादी दलका नेताहरु कुटनीतिक मर्यादा उलंघन गरेर नबोलाइकन आफै आएकी भारतीय विदेशमन्त्रीलाई लाइन लागेर भेट्न गए । र, उनीहरुले अँध्यारो कोठाभित्र घण्टौं वनअनवन साउती गरेर राष्ट्रघाती वाचा गरेका छन् । अब बन्ने सरकारले अझ ठूलो राष्ट्रघात गर्ने यी पूर्वसंकेतहरु हुन् ।' उहाँले भन्नुभयो, 'प्रधानमन्त्री नहुँदै प्रधानमन्त्रीको हैसियतमा बधाई दिनु र त्यही हाउभाउमा ओलीले स्वराजसँग भेटघाट र साउती गर्नुले उनी दिल्लीको नयाँ एजेण्ट बन्न तयार भइसकेको प्रष्ट हुन्छ । उनको खोक्रो, ढोगी र नक्कली राष्ट्रवादको मुकुण्डो मोदीले उतारिदिएपछि उनको भ्रमबाट जनता मुक्त हुँदै गएका छन् ।'

संसदवादी दलका नेताहरुले बाँडेको स्थायित्व र समृद्धिको नारा पनि राष्ट्रियताको जस्तै खाक्रो, ढोगी, नक्कली र झुठको पुलिन्दाभन्दा केही होइन भन्ने कुरा उनीहरुकै क्रियाकलापले पुष्टि गर्दै लगेको भन्दै अध्यक्ष गजुरेलले त्यसका लागि बृद्धभत्तादेखि प्रदेश राजधानीको तानातानसम्मको उनीहरुबीचको खिचातानीलाई हेरे पुग्ने तर्क गर्नुभयो ।

मोर्चाका सचिव परि थापाको अध्यक्षता र कार्यालय सदस्य पवनमान श्रेष्ठको संचालनमा भएको उक्त अन्तर्क्रिया कार्यक्रममा अध्यक्ष गजुरेलले मुलुकको सिंगो राजनीतिक स्थिति देश र जनताको हितविपरीत अगाडि बढिरहेको विश्लेषण गर्दै विगतमा भएका जनयुद्ध, जनआन्दोलन, मधेश आन्दोलन र आदिवासी तथा जनजाति आन्दोलनले परिकल्पना गरेको जनवादी राज्यव्यवस्था स्थापना नगरेसम्म राष्ट्रियता, जनतन्त्र र जनजीविकाका विकराल समस्याहरुको समाधान नहुने दावी गर्नुभयो । त्यसका लागि सच्चा कम्युनिष्ट क्रान्तिकारीहरु एकताबद्ध भएर नयाँ जनवादी क्रान्तिको थालनी गर्ने प्रक्रिया प्रारम्भ भइसकेको प्रसंग निकाल्दै अध्यक्ष गजुरेलले देशभक्त र जनगणतान्त्रिक शक्तिहरुलाई एकताबद्ध गर्न क्रान्तिकारी माओवादी पार्टीले पहल लिइरहेको बताउनु भयो ।

कार्यक्रममा उहाँले नेकपा (विप्लव) र नेकपा (ऋषि कट्टेल)सँग राष्ट्रियता, जनतन्त्र र जनजीविका विषयका कार्यगत एकता गरेर जाने सहमति बनिसकेको र फाल्गुन १ गतेको जनयुद्ध दिवस भृकुटीमण्डपस्थित राष्ट्रिय सभा गृहमा संयुक्त रुपमा मनाउने निर्णय गरिएको पनि जानकारी दिनुभयो ।


**२३ औं महान् जनयुद्ध दिवसको यस ऐतिहासिक घडीमा महान् शहीद तथा बेपत्ता योद्धा परिवार, घाइते आपाङ्ग योद्धा आम क्रान्तिकारी पंक्ति नयाँ जनवादी क्रान्तिका पक्षधर जनतामा नयाँ जनवादी क्रान्तिको महान् प्रक्रियामा सहभागी हुने उत्प्रेरणा मिलोस हार्दिक शुभकामना ।**

**नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी माओवादी)**
**केन्द्रीय कार्यालय**

दक्षिणपन्थी संशोधनवाद तथा अवसरवाद लगायत सबै देश विदेशी प्रतिक्रियावादका विरुद्ध नयाँ जनवादी व्यवस्था स्थापनार्थ गरिएको **महान जनयुद्धको यस २३ औं दिवस**को ऐतिहासिक अवसरमा जनयुद्धको लक्षित उद्देश्य पूरा गर्न नयाँ जनवादी क्रान्तिका पक्षधर क्रान्तिकारीहरुले संकल्प बोध गरुन् ।
हार्दिक शुभकामना ।

**देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल**
**केन्द्रीय कार्यालय**

संसारभर छरिएर रहेका क्रान्तिकारीहरुमा **२३ औं महान् जनयुद्ध दिवस**को यस ऐतिहासिक घडीमा नयाँ जनवादी क्रान्ति पुरा गर्ने प्रेरणा मिलोस भन्ने शुभकामना व्यक्त गर्दछौं ।

अखिल क्रान्तिकारी केन्द्रीय कार्यालय
अखिल नेपाल क्रान्तिकारी ट्रेड युनियन महासंघ केन्द्रीय कार्यालय
अखिल नेपाल क्रान्तिकारी किसान महासंघ
अखिल नेपाल महिला संघ (क्रान्तिकारी)
अखिल नेपाल सुकुम्बासी संघ
मुस्लिम राष्ट्रिय मुक्ति मोर्चा, नेपाल
शहीद तथा बेपत्ता योद्धा परिवार समाज, नेपाल
क्रान्तिकारी पत्रकार महासंघ
मगर राष्ट्रिय मुक्ति मोर्चा, नेपाल
अखिल नेपाल शिक्षक संगठन
क्रान्तिकारी युवा लिग केन्द्रीय कार्यालय
लिम्बूवान राष्ट्रिय मुक्ति मोर्चा, नेपाल
किराँत राष्ट्रिय मुक्ति मोर्चा,नेपाल
नेवाः राष्ट्रिय मुक्ति मोर्चा, नेपाल
अखिल नेपाल दलित संघ
तामाङ राष्ट्रिय मुक्ति मोर्चा, नेपाल
तमुवान राष्ट्रिय मुक्ति मोर्चा, नेपाल
मधेशी राष्ट्रिय मुक्ति मोर्चा, नेपाल





**प्रकाशक** : रामसिंह बुढाथोकी, **प्रबन्ध निर्देशक** : बद्री बजगाईं, **सम्पादक** : इन्द्रबहादुर राउत, **सहसम्पादक** : केशरमणि कटुवाल, फोटोः जय दाहाल, **कार्यालय** : बुद्धनगर, काठमाडौं, **सम्पर्क नं.** : ०१-४७८५७६३/९८५११३४८३०, **इमेल** : bargadristi073@gmail.com, **मुद्रण** : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं ।